मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १४९ | २०७९ साल चैत २७ गते सोमबार | Monday 10, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## स्थायी संरचना निर्माण प्रतिवेदन अलपत्र

*जचुकालिबाट ५२ बिघामा सार्ने योजना, तर भर संघीय सरकारकै*





एस.के. कर्ण
जनकपुरधाम, २६ चैत ।
मधेश प्रदेश सरकारले छैठौँ वर्षको कार्यकाल बिताइरहँदा प्रादेशिक संरचनाको स्थायी प्रशासनिक भवन बनाउन सकेको छैन। विकास निर्माण तथा विभिन्न स्थायी संरचना निर्माणका लागि अर्बौं रुपैया खर्चे पनि सित्तैमा पाइएको जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि) मै प्रदेश सरकार सञ्चालन भइरहेको छ।

सरकारले प्रशासनिक कार्य गर्दै आएका मन्त्रालयहरु सञ्चालन हुने भवनको जग्गा समेत स्वामित्वमा ल्याउन नसक्दा संघीय सरकारले चुरोट कारखाना सञ्चालन गर्न खोजे कुनै पनि बेला सरकार फाइल बोकेर निस्कनु पर्ने अवस्था छ । उसो त संघीय सरकारले चुरोट कारखाना सञ्चालनको भने गफ मात्रै चलाइरहेको छ।

गतवर्ष माघ १८ गते मन्त्रिपरिषद् बैठकबाट तात्कालीन भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवको संयोजकत्व प्रदेश सरकारको स्थायी संरचना निर्माणका लागि अध्ययन तथा व्यवस्थापन गर्न उच्चस्तरीय समिति गठन भएको थियो।

१५ दिनभित्र अध्ययन र अनुगमन गरी जग्गा खोजीसहितको प्रतिवेदन बुझाउने जिम्मेवारी पाएको समितिले ५ महिना मिहिनेत गरेर असार २१ गते जग्गा खोजीसहित तयार प्रतिवेदन तात्कालीन मुख्यमन्त्री लालबाबु राउतलाई बुझाएको थियो । प्रतिवेदन बुझाएको ९ महिना बितिसक्दा पनि कार्यान्वयनमा भने आउन सकेन।

समितिले अध्ययनक्रममा प्रदेश भित्रका दर्जनौं खाली जग्गा अनुगमन गर्दै मन्त्रालय निर्माणका लागि जनकपुरधामस्थित गुठी अधिनस्थ जनकपुरधाम ५२ बिघा, पशुचरण कार्यालयको २६ बिघा, प्रदेश सभा विस्तारका प्रदेश सभा छेउमा रहेको २ बिघा र आवासका लागि देउपुरा जाने बाटोमा ६ लेनसडक अन्तर्गत ६ बिघा जग्गा उचित हुने सिफारिस गरेको थियो।

प्रतिवेदनमा छलफल गर्दै मन्त्रिपरिषद् बैठकले मन्त्रालयहरुको नयाँ भवन निर्माणका लागि आफ्नो स्रोतसाधनबाट सम्भव हुन नसक्ने भएकाले तत्कालका लागि प्रशासनिक भवन चुरोट कारखानामा यथावत राख्दै थप भवन र आवास निर्माणका लागि संघीय सरकारसँग सहयोग लिने निर्णय गरेको थियो।

निर्णयबमोजिम दुई सातापछि साउन ८ गते प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटघाट गरी मधेश सरकारको प्रशासनिक स्थायी संरचना निर्माणका चुरोट कारखानासहित छनौट गरिएका ५२ बिघा, चरण कार्यालय, प्रदेश सभा अगाडि रहेको जग्गा र ६ लेन सडक नजिक रहेको जग्गा स्वामित्वसहित खर्च व्यवस्थापन गरिदिन आग्रह गरिएको थियो।

तात्कालीन मुख्यमन्त्री राउतको नेतृत्वमा गएको मन्त्रिपरिषद्को टोलीले जग्गा स्वामित्वको अधिकारसहित चुरोट कारखानामै थप दुईवटा भवन निर्माणका लागि ५ अर्ब रुपैयाँ आर्थिक सहयोग गरिदिन आग्रह गरेको थियो। प्रधानमन्त्री देउवाले प्रतिबद्धता जनाए पनि हालसम्म सरकारले न त जग्गाको स्वामित्व पाउन सक्यो, न त आर्थिक सहयोग।

### हचुवामा बजेट विनियोजन

प्रदेश सरकारले जग्गा स्वामित्व वा कुनै अध्ययनविना नै प्रशासनिक भवन तथा आवासका आर्थिक वर्ष २०७७/७८ मा २५ करोड रुपैयाँ र गत आर्थिक वर्षमा ४ करोड रुपैयाँ बजेट विनियोजन गऱ्यो । २०७७/७८ मा बजेट फ्रिज हुनगयो भने गत आवको ४ करोड रुपैयाँ विना कुनै तयारीको डिपिआरमा सरकारले खर्च गरेको छ।

चालु आवमा समेत ५ करोड रुपैयाँ बजेट विनियोजन भएको छ । बजेटले के काम गर्ने भन्नेबारे खुलाइएको छैन । विनाकुनै योजना हचुवाका भरमा विनियोजन गरिएको बजेट पनि फ्रिज हुने सम्भावना छ।

### चुरोट कारखानाबाट सार्ने मुख्यमन्त्रीको योजना

प्रतिवेदन तयार भएको ९ महिना बितिसक्दा किन कार्यान्वयनमा आउन सकेन भन्नेबारे मुख्यमन्त्री सरोजकुमार यादवले चुरोट कारखानाबाट मन्त्रालयहरु सार्ने योजना रहेकाले ढिलाइ भइरहेको बताए। उनले भने, 'चुरोट कारखानाको जग्गामा यही कारखाना या अन्य उद्योग सञ्चालन गर्ने योजना रहेको र स्वामित्व पनि सरकारसँग नरहेकाले समितिले छनोट गरेका अन्य जग्गामा प्रशासनिक भवन र आवास निर्माण गर्ने योजना छ।'

मुख्यमन्त्री यादवले मन्त्रालयहरु सारेर ५२ बिघाको जग्गामा सरकारको नयाँ प्रशासनिक भवन निर्माण गर्ने योजनामा बनाइएको बताए । सरकारको सिंहदरबारजस्तै मधेश सरकारको जनकदरबार नामले निर्माण गर्ने तयारी रहेको उनले सुनाए। आवासका लागि ६ लेन सडकअन्तर्गतको जग्गा वा चरण कार्यालयको जग्गा उपयुक्त हुने र प्रदेश सभा छेउमै २ बिघामा विस्तार गर्ने योजना रहेको उनले बताए।

उनले भने, 'ठूलो परियोजना रहेकाले प्रदेश सरकारबाट बनाउन सम्भव छैन, योजनाअन्तर्गत आफूले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग कैयौँपटक भेटघाट गरिसकेको छौँ । उहाँले जग्गाको स्वामित्व र आर्थिक सहयोग गर्ने अनौपचारिक प्रतिबद्धता जनाउनु भएको छ, हेरौँ कहिलेसम्म हुन्छ।' संघीय सरकारले सहयोग नगरे मन्त्रालय चुरोट कारखानामै रहिरहनेछ।

### कारखानामै मन्त्रालयहरु

भूमि व्यवस्था, कृषि तथा सहकारीबाहेक चुरोट कारखाना परिसर भित्रका पुराना भवनलाई रंगरोगन र मर्मत गरी मुख्यमन्त्री कार्यालयलगायत १० मन्त्रालयका साथै प्रदेश प्रमुखको कार्यालय सञ्चालन भइरहेको छ। कारखानाको ४ तले पुरानो भवनमा ५ वर्षदेखि प्रदेश सरकारका अर्थ, सामाजिक, उद्योग, पर्यटन तथा वन, कानुन तथा प्रदेश सभा मामिला र शिक्षा, विज्ञान प्रविधि तथा वाणिज्य पाँचवटा मन्त्रालयसहित मुख्यमन्त्री कार्यालय र आवास छन्।

मधेस प्रदेशसभाको हालत पनि उस्तै छ । शैक्षिक तालिम केन्द्र र जिल्ला शिक्षा कार्यालयलाई मर्मत सम्भार गरी स्थापनाकालदेखि नै प्रदेशसभा सञ्चालन भइरहेको छ । परिसरभित्र करोडौँ रुपैयाँको लागतमा थप अस्थायी संरचना निर्माण गरिए पनि भवनभित्र १ सय ७ जना सांसद राखेर सभा सञ्चालन गर्न निकै सास्ती हुने गरेको छ।

## होटलमा देहव्यापार
## यौनकर्मीसहित पाँच पक्राउ

*'यौनकर्मीसँगै समातिएका पुरुष ग्राहक 'प्रहरी' नै भएको प्रत्यक्षदर्शीको दाबी, परिचय खुल्न बाँकी रहेको रौतहट प्रहरीको भनाइ'*



सञ्जय मिश्रा
रौतहट, २६ चैत ।
सदरमुकाम गौरमै ब्युटिपार्लरमा छापामारी यौनकर्मी, ग्राहक र सञ्चालिका पक्राउ परेको ४८ घण्टा नबित्दै प्रहरीले होटलमा पनि यौनव्यवसाय भइरहेको घटना सार्वजनिक गरेको छ।

आइतबार गौर बसपार्कस्थित रोयल इन्दु होटलमा प्रहरीले छापा मारेर यौनकर्मी, ग्राहक सञ्चालिकासहित ५ जनालाई पक्राउ गरेको छ।

आइतबार दिउँसो होटलमा प्रहरीले छापा मारेको थियो । २ पुरुष, दुई महिला यौनकर्मी र सञ्चालिकासहित ५ जनालाई पक्राउ

- *बाँकी पृष्ठ ६ मा*

## दमकल किन्ने निर्णय मात्रै, आगलागीमा दर्जनौं घर नष्ट



आरके श्रीवास्तव
गरुडा, २६ चैत ।
रौतहटका विभिन्न पालिकास्थित वस्तीमा आगलागी हुँदा दर्जनौं घर जलेर नष्ट भएको छ। उसो त दुई दिनअघि मात्रै रौतहटका सबै पालिकालाई वारुण यन्त्र किन्न पहल गर्ने निर्णय भएको थियो।

माधवनारायण नगरपालिका-४ विसुनपुर्वा मानपुरमा आइतबार दिउँसो २ बजे भएको आगलागीमा २० परिवारको घर जलेर नष्ट भएको छ। स्थानीयका अनुसार, २० भन्दा बढीको घर पूर्णरुपमा जलेर नष्ट भएको छ । आगलागीमा स्थानीय भगतनारायण मुखियाको सबैभन्दा बढी क्षति भएको छ । आगलागीबाट कुनै मानवीय क्षति भने भएको छैन । यता जिल्ला प्रहरी कार्यालयले भने १२ वटा घरमा आगलागी भएको र आगलागीबाट भएको क्षतिको पूर्ण विवरण आउन बाँकी रहेको जानकारी दिएको छ।

स्थानीय जिउत मुखियाको फुसको घरबाट सल्केको आगोले हरेशी मुखिया, मनोज मुखिया, महेशी मुखिया, प्रेम मुखिया,

- *बाँकी पृष्ठ ६ मा*

## कर्मले मधेशको छोरा हुँ: लामिछाने



मधेशदृष्टि
जनकपुरधाम, २६ चैत ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले नेताहरुले मुलुकमा प्रगति गर्ने नसक्ने जस्तो बनाएर जनतालाई विदेशमा श्रम गर्न लखेटिरहेको बताएका छन्।

आइतबार बारामा चुनावीसभालाई सम्बोधन गर्दै सभापति लामिछानेले विभिन्न समस्याले ग्रसित देशले मिटरब्याजीको समस्या झेलिरहेको बताए । पैदल हिँडेर राजधानी पुग्दा पनि जनताले न्याय पाउन नसकेको उनले बताए । उनले भने, 'सात वर्षअघि मिटरब्याजीलाई जेल कोच्न सकेकामा गर्व छ, मैले धेरैलाई जेल कोचेर राजनीतिमा आएको हुँ ।' उनले मधेशकै छोरो भएको र जन्मले नभए पनि कर्मले मधेशको छोरा रहने बताए । उनले भने, 'मैले मधेशका लागि धेरै गरेको छैन तर अब शिरमा कफन बाँधेर देश र मधेशको सेवा गर्न आएको छु।' सभापति लामिछानेले मधेशमा अपराध बढेका बेला रमेश खरेलले गरेका कार्य सराहनीय रहेको उही मान्छे उम्मेदवार भएको बताउदै पार्टीले देशभक्तलाई उम्मेदवार बनाउन पाउदा गर्वको महसुस भएको बताए । कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा बारा-२ का उम्मेदवार रमेश खरेलले देश 'चोर डाँकाहरुले चलाएको' टिप्पणी गरे । उनले अब पनि त्यस्ता द्रोहीलाई विस्थापित गर्न नसके आउने पुस्ताले धिक्कार्ने बताए । उनले भने, 'तपाईंहरुले भोट दिएर पठाएकाहरुको नाडी छामेको छु, उहाँहरु कहिल्यै पनि सुध्रिने अवस्था छैन, कमिसनखोरीको एडिक्ट भइसकेका छन्, पाकेटमार, चोर र तस्करहरुले देश चलाएका छन्।' नेता खरेलले मुलुकमा कानुनी राज्य स्थापना नरहेको बताउदै भागवण्डा र विचौलियाले देश चलाएको बताए।

## 'मजदुरको समस्यामा दलहरु उदासीन'

मधेशदृष्टि
वीरगंज, २६ चैत ।
नेपाली कांग्रेसका नेता शेखर कोइरालाले मुलुकको राजनीतिक परिवर्तनमा मजदुरहरुको भूमिका महत्वपूर्ण भए पनि उनीहरुको समस्या समाधानमा राजनीतिक दलहरु उदासीन रहेको बताएका छन्।

विस्तृत समाचार
पृष्ठ ५ मा पढ्नुहोस्

नेपाल यातायात मजदुर संघको सातौँ राष्ट्रिय महाधिवेशन वीरगंजमा उद्घाटन गर्दै नेता कोइरालाले स्वर्गीय गिरिजाप्रसाद कोइरालाले मजदुरबाटै राजनीति सुरुवात गरेको बताउदै कांग्रेसको भातृसंगठनको रुपमा रहेको यतायात मजदुर सघले पार्टीका लागि गरेको सहयोग इतिहासमा लेखिने बताए।

# दुई करोड घुस माग्ने रास्वपाका सांसद ढाका निलम्बित



मधेशदृष्टि
जनकपुरधाम, २६ चैत।
घुस मागेको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद ढाकाकुमार श्रेष्ठ निलम्बनमा परेको छ।

घुस मागेको अडियो सार्वजिनक भएपछि सांसद श्रेष्ठलाई पार्टीले निलम्बन गरेको हो । श्रेष्ठले मन्त्री बन्नका लागि सभापति रवि लामिछानेलाई दुई करोड बुझाउनुपर्ने भन्दै मेडिकल व्यावसायी दुर्गा प्रसाईंसँग घुस मागेको अडियो आइतबार सार्वजनिक भएको थियो।

रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले अडियो सार्वजनिक भएकाले तत्कालका लागि सांसद र पार्टी सदस्यबाट निलम्बन गरिएको जानकारी दिएका छन्। अडियोमा प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारमा स्वास्थ्य तथा जनसंख्यामन्त्री आफ्नो पार्टीको भाग परेको श्रेष्ठले प्रसाईंलाई सुनाएका छन् । उनले प्रसाईंसँग दुई करोड रुपैयाँ व्यवस्थापन गरिदिन आग्रह गरेका थिए। उनले तत्काल एक करोड भएपनि मन्त्री बनाउन सभापति लामिछाने तयार रहेको प्रसाईंलाई वार्तालापको क्रममा अडियोमा भनिएको भनेका छन् । सो वार्तालापमा प्रसाईंले दुई करोड रुपैयाँ व्यवस्थापन गरिदिने तर पछि आफ्नो काम गरिदिनुपर्ने सर्त राखेका छन्।

सुरुदेखि नै रविलाई सहयोग गर्दै आएको ‘कोर टिम’ ले रकम मागेको सांसद ढाका कुमारको भनाइ छ। सांसद श्रेष्ठ र दुर्गा प्रसाईंबीचको अडियो सार्वजनिक भएपछि रास्वपाले उनीमाथि कारबाही गरिसकेको छ । रास्वपाले समानुपातिक सांसद श्रेष्ठलाई २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ।

उनलाई पार्टीको अनुशासन तथा आचरण समितिमा २४ घण्टाभित्र स्पष्टीकरण बुझाउन भनिएको रास्वपाका महामन्त्री डा. मुकुल ढकालले विज्ञप्ति मार्फत जानकारी दिएका छन् । श्रेष्ठमाथि छानबिन गरी प्रतिवेदन पेश गर्न अनुशासन तथा आचरण समितिलाई निर्देशन दिएको पनि ढकालले बताए।

‘डा. श्रेष्ठको स्वरमा स्वास्थ्यमन्त्री बन्न पैसा दिनुपर्छ भन्ने संवाद रहेको उक्त टेलिफोन वार्ताका सम्बन्धमा सत्यतथ्य छानिन गरी ३ दिनभित्र केन्द्रीय समितिमा प्रतिवेदन पेश गर्न पार्टीको केन्द्रीय अनुशासन समितिलाई निर्देशन दिइएको छ’ विज्ञप्तिमा भनिएको छ।

छानबिन पूरा नहुँदासम्मको लागि श्रेष्ठलाई पार्टीको साधारण सदस्यको हैसियतमा पनि काम नगर्न आग्रह गरिएको छ।

# वैश्य समाजद्वारा अभिनन्दन



मधेशदृष्टि
जनकपुरधाम, २६ चैत।
नेपाल नजिकै रहेको मधुबनी केवाटीका होटलमा वैश्य समाजले विनोद नारायण सिंहलाई अभिनन्दन गरेको छ। सिंह पूर्व जिल्ला पार्षद एनडीए गठबन्धनका बिहार इन्साफ पार्टीमा थिए। २०२० मा मधुबनीबाट चुनाव लडेका उनी पछि भाजपामा गए । वैचारिक नेता सिंहको अभिनन्दनमा पूर्वमन्त्री तथा विधायक रामप्रीत पासवान, पूर्व मन्त्री तथा विधायक विनोद नारायण झा, पूर्व विधायक तथा वरिष्ठ भाजपा नेता लालबाबु साह, विधायक सञ्जय सरावगी, पूर्व मन्त्री तथा विधायक नितिश मिश्र, विधायक अरुण शंकर प्रसाद, झाँझरपुर जिल्ला मन्त्री ऋषिकेश राघव सहभागी थिए।

यस्तै, भाजपा मधुबनी जिल्ला व्यापार सेलका अध्यक्ष विष्णुदेव राउत, सरायरञ्जनबाट भाजपाका विधायक उम्मेदवार रञ्जीत, शिवकुमार प्रसादलगायतका वक्ताले नेता सुमन महासेठ भाजपामा प्रवेश गरे भाजपा बलियो हुने बताए । कार्यक्रम सञ्चालन मुखिया सतीश मेहता र धन्यवाद ज्ञापन प्रल्हाद पुर्वेले गरेका थिए।

# कोरोना संक्रमण बढ्दैछ, खोप लगाऔं : स्वास्थ्य मन्त्रालय



मधेशदृष्टि
जनकपुरधाम, २६ चैत।
कोरोना भाइरसको सङ्क्रमण पुनः तिव्र रुपमा बढ्दै गएको देखेर स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसविरुद्धको खोप लगाउन सबैमा आग्रह गरेको छ । मन्त्रालयले भनेको दैनिक रुपमा सङ्क्रमण बढिरहेकाले खोप लगाउन जरुरी रहेकाले सबैले खोप लगाऔं । मन्त्रालयका सहप्रवक्ता डा समिर कुमार अधिकारीले सङ्क्रमण बढिरहेकाले पहिलो मात्रा, दोस्रो मात्रा र बुस्टर डोज लगाउन आग्रह गरेका छन्। शून्यमा झरेको कोरोना भाइरसको सङ्क्रमण अहिले दैनिक बढिरहेको छ । हिजो मात्र ६४ जनामा नयाँ सङ्क्रमित फेला परेका थिए भने हाल कुल सक्रिय सक्रमितको सङ्ख्या ३५६ जना पुगेको छ। काठमाडौँ उपत्यकामा मात्र हिजोसम्ममा १५ जना आइसोलेशन, आठ जना सघन उपचार कक्ष (आइसियु) र पाँच जना भेन्टिलेटरमा उपचार गराहेका छन् । अहिले काठमाडौंसहित उपत्यकाका ठूला अस्पतालमा कोरोना भाइरस विरुद्धको बुस्टर डोज लगाइँदै छ ।स्वास्थ्य कार्यालय काठमाडौंका सूचना अधिकारी अञ्जना खड्काका अनुसार वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, निजामति कर्मचारी अस्पताल, सशस्त्र प्रहरी बल अस्पताल, नेपाल प्रहरी अस्पतालबाट बुस्टर डोज खोप प्रदान गर्दै आइरहेको छ। यस्तै काठमाडौंका स्थानीय तहले पनि आवश्कता अनुसार विभिन्न ठाउँमा खोप प्रदान गरिरहेका छन् । केही दिनअघि गरिएको अनुवांशिक अध्ययानमा नेपालमा पहिलो पटक कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन देखा परेको छ ।मन्त्रालयले सङ्क्रमणको लक्षण देखिने वित्तिकै परीक्षण गराउन र आइसोलेशनमा बस्न अनुरोध समेत गरेका छन्।

# चारदिने राजयोग मेडिटेसन



मधेशदृष्टि
बारा, २६ चैत।
बाराको सिमरामा मानसिक शान्ति एवम् खुसियाली जीवनका लागि राजयोग मेडिटेसन प्रशिक्षण कार्यक्रम सुरु भएको छ। ब्रह्माकुमारी राजयोग सेवा केन्द्र सिमराको आयोजनामा सुरु भएको प्रशिक्षण ४ दिनसम्म चल्ने छ।

सहभागीलाई वरिष्ठ राजयोग प्रक्षिक ब्रह्माकुमार राजु घलेले प्रशिक्षण दिइरहेका छन्। मानसिक शान्ति एवम् खुशियाली जीवनका लागि राजयोग मेडिटेसन आवश्यकताका विषयमा वरिष्ठ प्रशिक्षक घलेले प्रष्ट पारे। दैनिक जीवनमा आइपर्ने तनाव कसरी व्यवस्थापन गर्नेलगायतका विषयमा प्रशिक्षण दिएका ब्रहमकुमार सन्तोष भाइजीले जानकारी दिए।

ईश्वरीय विश्वबिद्यालय कुनै छुट्टै धर्म नभई आध्यात्मिक शिक्षा दिने विद्यालय भएको बताइएको थियो।

ब्रहमकुमारी राजयोग केन्द्र सिमराले कार्य व्यस्ततालाई ध्यानमा राख्दै प्रशिक्षणका लागि बिहान र बेलुका दुई घण्टाको कक्षा सञ्चालन गरेको छ।

ब्रहमकुमारी राजयोग केन्द्र सिमराका प्रमुख मधु दिदीको अध्यक्षतामा भएको औपचारिक कार्यक्रममा प्रमुख अतिथि प्रदेश सभा सदस्य देवनारायण चौधरी थिए। कार्यक्रम सञ्चालन प्रमेश्वर भाईजीले गरेका थिए।

# सिंहदरबारको फोहोर काठमाडौं महानगरले उठाएन



मधेशदृष्टि
काठमाडौ, २६ चैत।
काठमाडौं महानगरपालिकाले संघीय सरकारको प्रशासनिक भवन सिंहदरबारको फोहोर आइतबारदेखि उठाउन बन्द गरेको छ।

महानगरपालिकाको काममा सिंहदरबारबाट असहयोग भएको भन्दै मेयर बालेन्द्र साह (बालेन) ले सिंहदरबारको फोहोर नउठाउने शुक्रबार सामाजिक सञ्जाल मार्फत घोषणा गरेका थिए। त्यही घोषणालाई आधार मानेर सिंहदरबारको फोहोर महानगरले नउठाएको हो।‘हाम्रो वडामा सिंहदरबार बाहेक सबै स्थानको फोहोर उठिरहेको छ,’ ११ नम्बरका वडाध्यक्ष हिरालाल तण्डुकारले भने, ‘सिंहदरबारको फोहोरबारे वडामा छलफल नभएपनि रोकिएको जानकारी चाहिँ छ।’

फोहोर मैला व्यवस्थापन संघका महासचिव मित्रप्रसाद घिमिरेले काठमाडौंका मेयर बालेनले फोन गरेर सिंहदरबारको फोहोर नउठाउन निर्देशन दिएपछि फोहोर नउठाएको बताए।

‘हामीले सिंहदरबारको फोहोर उठाएर बञ्चरेडाँडा लैजान गरेका थियौं, मेयर साबले फोन गरेर बञ्चरेडाँडामा नलैजानु भनेपछि हामीले रोकेका हौं ।फोहोर उठाउने जिम्मा पाएको परिवर्तन सेवा प्रालिका सञ्चालक समेत रहेका घिमिरेका अनुसार सिंहदरबारबाट कुहिने र नकुहिने गरी दैनिक ५ टन फोहोर उठ्ने गरेको थियो । सिंहदरबारबाट उठेको फोहोर ल्याण्डफिल साइट बञ्चरेडाँडा लैजाने गरेको घिमिरेले बताए।

परिवर्तन सेवा प्रालिले सहरी विकास मन्त्रालय अन्तर्गत ठेक्का मार्फत सिंहदरबारको फोहोर उठाउँदै आएको थियो । फोहोर उठाउन सहरी विकास मन्त्रालयका सचिव सुरेश आचार्यले घिमिरेलाई फोन गरेर निर्देशन दिएपनि मेयर बालेनले ‘बञ्चरेडाँडामा सिंहदरबारको फोहोर जाँदैन, तपाईंहरुले नउठाउनुस’ भनेपछि आइतबारदेखि फोहोर रोकिएको हो।

# प्रशासकीय अधिकृतलाई भ्रष्टाचार मुद्दा



मधेशदृष्टि
रौतहट, २६ चैत।
ईशनाथ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताविरुद्ध डेढ करोड रुपैयाँको भ्रष्टाचार मुद्दा दर्ता भएको छ।

गुप्ताले गैरकानुनी सम्पत्ति आर्जन गरेको उजुरीमाथि छानबिन गर्दा एक करोड ४९ लाख ९७ हजार रुपैयाँको स्रोत नखुलेकोले विशेष अदालतमा मुद्दा दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए। २०५१ सालको वैशाखमा सेवा प्रवेश गरेका गुप्ताको २०७९ जेठसम्ममा आम्दानी र खर्चको हिसाब गर्दा स्रोत नखुलेको एक करोड ४९ लाख ९७ हजार रुपैयाँलाई बिगो कायम गरी त्यही बराबर जरिबानासमेत माग गरेर मुद्दा दायर गरेको अख्तियारले जनाएको छ।

अख्तियारले नन्दकिशोर गुप्ता र उनकी पत्नी उषाका नाममा कायम सम्पत्तिबाट जफत गरी पाउन मागदाबी पनि गरेको छ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन्। जोशजाँगर र उमङ्ग बढ्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। सरकारी निकायको भय पनि रहला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ। विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन्। आत्मबलमा कमी आउनेछ। मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । अँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। पढाइमा प्रगति नै हुनेछ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ। धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन्।

# जसपा नेतृत्वको सरकारले विकासको काम गर्न सकेन : महासेठ



मधेशदृष्टि
जनकपुरधाम, २६ चैत ।
जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको सरकारले गएको पाँच वर्षमा मधेश प्रदेशमा कुनै विकास गर्न नसकेको नेकपा एमालेका सचिव रघुवीर महासेठले आरोप लगाएका छन् ।

आइतबार जनकपुरधाममा एमालेसम्बद्ध अखिल नेपाल किसान महासंघको तेश्रो जिल्ला सम्मेलनमा सचिव महासेठले लालबाबु राउत नेतृत्वको विगतको सरकारले पाँच वर्षमा कुनै काम गर्न नसकेको भने ।

मधेशी जनताको विकास नभएपनि मधेशी नेताहरुको खुब विकास भएको टिप्पणी गर्दै उनले महासेठले प्रचण्ड नेतृत्वको सरकार अबको चार वर्षसम्म टिक्न नसक्ने दाबी गरे । चार महिनामा मन्त्रीमण्डललाई समेत पूर्णता दिन नसक्ने प्रचण्ड नेतृत्वको सरकार चार वर्षसम्म टिक्छ भन्ने लाग्दैन उनले भने । सचिव महासेठले देश र जनताका लागि नभई स्वार्थका लागि प्रचण्ड सरकार बनेको आरोप लगाउँदै कम्युनिष्ट आन्दोलनलाई समाप्त गर्न सदैब सक्रिय रहने कांग्रेस सभापति शेरबहादुर देउवालाई नेता मानेर प्रचण्ड, झलनाथ र माधव नेपाल हिँडेको टिप्पणी गरे ।

नेकपा एमालेको सरकार हुँदा किसानका लागि थुप्रै काम भएको दाबी गर्दै महासेठले आफू मन्त्री भएको बेला विभिन्न स्थानमा सिँचाइ र सडक, पुलपुलेसा सहितका विकास निर्माण कार्य तिव्र रुपमा गरे । तर अहिले आफूले अधुरा छाडेका योजनाहरु समेत पुरा हुन नसक्नु दुखद कुरा रहेको भनी चिन्ता व्यक्त गरे । कार्यक्रममा मधेश प्रदेश एमालेका संसदीय दलका नेता सरोज यादव, एमालेका जिल्ला अध्यक्ष राजकिशोर यादव, रेखा झा, किसान महासंघका मधेश प्रदेश अध्यक्ष रामऔतार यादव, सन्तोष यादव, अरविन्द साह, मनोज खडका, भोला यादवलगायत नेताहरुको सहभागिता रहेको थियो ।

# मौलापुरमा मनाइयो विद्युतीय सुरक्षा दिवस




मधेशदृष्टि
गरुडा, २६ चैत । रौतहटको मौलापुर नगरपालिकामा नेपाल विद्युत प्राधिकरणले विद्युतीय सुरक्षा दिवस मनाएको छ । 'विद्युत दुर्घटनाबाट बच्न सचेत रहौं, समृद्धिका लागि विद्युत सदुपयोग गरौं, विद्युतीय सुरक्षा चुहावट नियन्त्रण र किफायती उपयोग' भन्ने मूलनाराको दिवस मनाइएको हो ।

विद्युतीय दुर्घटनाका कारण मानिसको मृत्यु, घाइते हुने क्रम बढिरहेका बेला त्यसबाट जोगिन जनचेतना जगाउने उद्देश्यले हरेक वर्ष विद्युतीय सुरक्षा दिवस मनाउने गरिन्छ ।

प्राविधिक कर्मचारीलाई पनि सुरक्षामा ध्यान पुऱ्याउन मौलापुर वितरण केन्द्रका प्रमुख दिनेश यादवले आग्रह गरे । केन्द्रमा कार्यरत कर्मचारीसहित कार्यालयमा पुगेका उपभोक्ताको कार्यक्रमा सहभागिता थियो ।

# वार्ताका लागि मिटरब्याज पीडितहरुले गरे १९ सदस्यीय टोली गठन



मधेशदृष्टि
काठमाडौं, २६ चैत ।
चैत २० गतेदेखि काठमाडौंमा आन्दोलनरत मिटरब्याज पीडितहरूले गृह मन्त्रालयको टोलीसँग वार्ता गर्ने १९ सदस्यीय वार्ता टोली गठन गरेका छन् ।

गृह मन्त्रालयले गत शुक्रबार सह-सचिव प्रदीपकुमार कोइरालाको संयोजकत्वमा ५ सदस्यीय वार्ता टोली गठन गरेको थियो । सरकारी वार्ता टोलीमा सह-सचिव कोइराला, मन्त्रालयकाउप-सचिवदिलकुमार तामाङ, प्रधानमन्त्री कार्यालयका उप-सचिव उमाकान्त अधिकारी, कानुन मन्त्रालयका उप-सचिव जंगबहादुर डाँगी र प्रहरी उपरीक्षक दिनेशराज मैनाली छन् ।

काठमाडौंमा आएर विरोधका कार्यक्रम गरेको मिटरब्याज पीडितको एक टोलीसँग सरकारले १८ चैतमा ५ बुँदे सहमति गरेको थियो । त्यो टोली फर्किएलगत्तै मिटरब्याज पीडितकै अर्को टोली काठमाडौंमा प्रदर्शन गर्दै आएको छ ।

अहिलेको टोलीले सरकारले अघिल्लो टोलीसँग गरेको ५ बुँदे सहमति अपुरो रहेको भन्दै ५ बुँदे माग थप गरेको छ ।

उनीहरुले मिटरब्याज पीडितका नाममा जारी भएका पक्राउ पुर्जी खारेज गर्नुपर्ने, जेल चलान भएकाको रिहाइ गर्नुपर्ने, मिटरब्याजसँग जोडिएका चेक बाउन्स मुद्दा खारेज गर्नुपर्ने र मिटरब्याजीको सम्पत्ति छानबिन गर्नुपर्ने थप माग राखेका छन् । मिटरब्याजका नाममा भएका सबै प्रकारका लिखत मन्त्रिपरिषद्ले निर्णय गरेर अवैध घोषणा गर्नुपर्ने, मिटरब्याजलाई अपराध घोषित गरेर फास्ट ट्र्याकबाट कानून जारी गर्नुपर्ने, मिटरब्याज पीडितविरुद्ध अदालतमा चलिरहेका मुद्दाको सुनुवाइ स्थगित गर्दै फैसला भएका मुद्दाको पुनरावलोकन गर्नुपर्ने माग आफूहरुको रहेको प्रवक्ता निर्ग नवीनले बताए ।

# दिदीबहिनी मृत्यु प्रकरणमा सात पक्राउ

मधेशदृष्टि
वीरगंज, २६ चैत ।
कर्णाली प्रदेशको रुकुमपूर्वको घटना हो, दिदीबहिनी मृत फेला परेको घटनामा प्रहरीले सातजनालाई नियन्त्रणमा लिएको छ । पुथा उत्तरगङ्गा गाउँपालिका-३ रन्मामा बिहीबार दुई बालिकाको शव भेटिएपछि अनुसन्धानक्रममा उनीहरु पक्राउ परेका हुन् ।

चैत २२ गते सिस्नो टिप्न घरबाट निस्किएका एकै घरका दिदीबहिनीको चैत २३ गते गाउँ नजिकैको भिरमा शव भेटिएको थियो । एघार वर्षीया रिना बुढामगर र नौ वर्षीया कालिमाया बुढामगरलाई हत्या गरेर भिरमा फालिएको आशङ्कामा प्रहरीले संकास्पद सातजनालाई सोधपुछका लागि नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक अञ्जना श्रेष्ठले जानकारी दिइन् ।

दुवैजनाले लगाएको गहना लुटपाट भएकाले उनीहरुको हत्या गरिएको हुनसक्ने आशङ्का गरिएको छ । दुवै बालिकाको शनिबार शव रुकुमकोट ल्याएर परीक्षण गरिएको प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा रहेकाले पक्राउ परेकाको नाम ठेगाना प्रहरीले खुलाएको छैन ।

# महोत्तरीमा आगलागी हुँदा १५ लाखको क्षति

मधेशदृष्टि
महोत्तरी, २६ चैत ।
महोत्तरीको विभिन्न स्थानमा भएको आगलागीले दुई दिनभित्र १५ लाख बढीको क्षतिको भएको छ । जिल्लाको सोनमा गाउँपालिकाको सोनमा गाँउमा तिनवटा र मनरा शिस्वा नगरपालिको सकरीको एक घरमा आगलागी भएको छ ।

हावाहुरीका कारण घरको छेउबाटै पोलमा बिछ्याइएको ११ हजार पावरको बिजुलीको तार एकआपसमा छोएर सर्टसर्किट भई सोनमाका इन्दल ठाकुर, इन्द्रजित ठाकुर र मनोहर ठाकुरको परालको थुप्रोमा आगलागी भएको छ ।

त्यस्तै, सकरीका लक्ष्मी साहको घर जलेर पुर्णरुपमा नष्ट भएको छ । आगलागीका कारण करिब १५ लाखभन्दा बढिको क्षति भएको महोत्तरी प्रहरीले जनाएको छ ।

घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली पुगेपनि गाँउपालिका र नगरपालिकाको बारुण यन्त्र समयमा नपुगेपछि भारि क्षति पुगेको स्थानियको भनाई छ ।

# जनकपुरधाम मेयर कपमा बारा र पर्सा विजयी, जितसँगै बारा सेमिफाइनलमा




मधेशदृष्टि
जनकपुरधाम, २६ चैत ।
जनकपुरधाम मेयरकप कप टी २० क्रिकेट प्रतियोगिताको चौथो दिनको खेलमा बारा र पर्सा विजयी भएको छ । यो जित संगै बारा सेमिफाइनलमा प्रवेश गरेको छ । जनकपुरधाम यसअघि नै सेमिफाइनलमा पुगिसकेका छन् । जनकपुरधामको वडा नं. १४ रजौल स्थित प्रस्तावित श्री रामजानकी बहुद्देश्य अन्तराष्ट्रिय रंगशालामा आयोजित चौथो दिनको पहिलो खेलमा रौतहटलाई ५३ रनले पराजित गर्दै बारा सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो । रौतहटले टस जितेर फिल्डिङ्ग रोजेपछि रन जोडन मैदान उत्रेको बाराले निर्धारित २० ओभर खोल्दै ६ विकेटको नोक्सानमा १ सय ३७ रनको योगफल तयार पारेको थियो । उनका लागि तिर्थराज दास ३७, निखिल सिंह २८ र पनव सर्राफ २६ रनको योगदान गरेका थिए भने अर्का ब्याट्सम्यानहरु खासै चल्न सकेन । रौतहटको तर्फबाट धर्मेन्द्र साह २ तथा अन्य बलर हरुले एक/एक विकेट लिए ।

१ सय ३८ रनको लक्ष्य पछ्याउन मैदान उत्रेका रौतहटका बल्लेबाजहरु १४ ओभर समेत पार गर्न सकेन र १३ ओभर चार बल मात्र खेल्दै सबै विकेट गुमाएर मात्र ८४ रनमा सिमित हुन पुग्यो भने अरबिन्द चौधरी १७, शैलेन्द्र कुशवाहा १३ तथा नितेश यादव १२ रन जोडेपनि अन्य ब्याट्सम्यान सस्तोमै आउट भएका थिए ।बाराका लागि कुमार थापा ४ र अरनिको यादव ३ विकेट लिएर रौतहटको जितको सम्भावनामा तुसारापात ल्याइदिए । साथै पवन सर्राफ २ र अनिल कुमार साह एक विकेट लिएका थिए । खेलमा बाराका कुमार थापा म्यान अफ दी म्याच चुनिए । यस्तै दोश्रो खेलमा पर्साले सर्लाहीलाई ७ विकेटले पराजित गर्दै जीत हासिल गरेको छ । पर्साले सर्लाहीलाई ५१ बल शेष रहदै ७ विकेटले हराउन सफल भएको हो । टस जितेर पहिला ब्याटिङ्ग रोजेको सर्लाही १७ ओभर चार बलमा आल आउट हुदै ८४ रनको झिनो लक्ष्य पर्सालाई दिएका थिए । सर्लाहीका सुमन सुक्ला २३ र विवेक ठाकुर १५ रन बनाउन बाहेक अन्य ब्याट्सम्यानहरु सस्तोमै आउट हुदै गए । पर्साका लागि सम्साद मन्सुरी ४ र नसुरद्दिन अनसारी २ विकेट लिएका थिए भने अन्य तिनजना बलरले एक/एक विकेट लिए ।८५ रनको लक्ष्य पछ्याउन मैदान उत्रेका पर्साका बल्लेबाजहरु ११ ओभर ३ बलमै तिन विकेटको क्षतीमा ८७ रन बनाएर लक्ष्य पुरा गर्न सफल भई टिमलाई जिताउन सफल भए । उनका लागि ईम्रान शेष ३८ र सुरज पटेल अविजित २१ रनको योगदान गर्दा शेषले पाँचवटा चौका र एक छक्का प्रहार गरेका थिए । सोमवार पाँचौ दिनको पहिलो खेल विहान ९:३० बने विराटनगर विरुद्व सर्लाही र दोस्रो खेल दिउँसो १:४० बजे काठमाण्डौं विरुद्व सप्तरी बिच हुने जनाएएको छ ।

# स्वास्थ्य शाखामा वडा सदस्यले लगाए ताला




मधेशदृष्टि
जनकपुरधाम, २६ चैत ।
धनुषाको धनौजी गाउँपालिकास्थित स्वस्थ्य शाखा एक वडा सदस्यले तल्चा लगाएका छन् ।

धनौजी गाउँपालिका वडा नम्बर २ मा रहेको स्वस्थ्य चौकी आइतबार वडा सदस्य रोशन मिश्र अनुगमन गर्न पुग्दा विभिन्न किसिमका समस्याहरु देखेपछि गाउँपालिकाको स्वास्थ्य शाखामा गएर तल्चा लगाएका छून् ।

स्वस्थ्य चौकीमा नेपाल सरकार बाट तोकिएका न्यूनतम औषधी ९८ किसिमको हुनुपर्छ तर स्वस्थ्य चौकीमा ९ प्रकार औषधी मात्र रहेका छून् । औषधी अभावको विषयमा स्वस्थ्य चौकी प्रमुख देबिन्द्र कुमार यदावको भनाई स्वास्थ्य चौकी भित्र ६ महिना देखि औषधीहरु छैन । तर गाउँपालिकाको स्वास्थ्य शाखामा पटक-पटक गएर गुनासो गरेपनि स्वास्थ्य शाखा प्रमुख उमर साहले कुनै चासो नलिंदा तालाबन्दी गरिएको सदस्य मिश्रले बताएका छन् ।

उनले भने स्वस्थ्य चौकीमा प्यथोलोजीका समानहरु छून र कर्मचारी छैनन् ,एम्बुलेन्स छ, चालक छैन, बर्थिङ्ग सेन्टर उद्धाटन गरियो तर सो बर्थिङ्ग सेन्टरमा बेड छैन लगायतका बेथिती देखेर सो बिषय लिएर पटक पटक गुनासो गर्दा बेवास्ता गर्दै गएपछि स्वास्थ्य शाखामा तल्चा लगाएका हौं ।

## सम्पादकीय

# साम्प्रदायिकता भड्काउने दुष्प्रयास

वीरगंज र जनकपुरधाम । दुवै मधेश प्रदेशको मुख्य र घना बस्ती भएको भूगोल । जनकपुरधाम नेपाल-भारतको पौराणिक कालदेखिको सम्बन्धसेतू । वीरगंज देशकै आर्थिक राजधानी । दुवै सहरमा हिन्दू धर्मावलम्बीसँगै अन्य धर्मावलम्बीको पनि बसोबास । श्रम गरिखानेहरुका लागि काठमाडौं बाहेकको विकल्पमा जनकपुरधाम र वीरगंजले आश्रय दिइरहेको छ।

मधेश प्रदेशको राजधानीको वैकल्पिक शक्ति बनेको छ। एउटा सहर राजधानी तोकिँदा अर्को सहर पनि राजधानीको विकल्पमा तयार, राजधानीसरह विकास निर्माणमा सफल सहर । यी दुवै सहरमा हिन्दू धर्मावलम्बीको अनेकन मठमन्दिर, चाडपर्व, उत्सव, महोत्सव, पूजापाठले बाह्रैमास महत्व पाइरहेको हुन्छ। मान्छेलाई धर्ममा सरिक गराइरहेको हुन्छ।

तर पछिल्लो समय जनकपुरधाम र वीरगंजमा केही अवाञ्छित क्रियाकलापले ठाउँ पाइरहेको छ । धार्मिक उत्सवमा सहभागीहरुमाथि आक्रमण, ढुंगामुढा गर्ने एउटा आपराधिक मानसिकताको समूहले लुकिछिपी प्रहार गरिरहेको छ । रामनवमीका बेला जनकपुरलाई अशान्त बनाउन खोजिएको थियो । त्यहाँ धार्मिक सद्भाव ऱ्याली निकालेर तत्कालका लागि कुनै अप्रिय घटना हुनबाट जनकपुरलाई बचाइएको छ।

हिन्दूजनमाथि भएको प्रहारमा हिन्दूजनले सद्भाव देखाएर धर्मका नाममा हिंसात्मक सपना बुन्नेहरुलाई शान्त रहन सन्देश दिएका छन्। झगडा, मुठभेड, प्रतिकार, प्रत्याक्रमण, प्रहारले समाज उँभो लाग्दैन। सहिष्णुता र सद्भावको रोटी सेक्नु पर्छ भनेर सद्भाव ऱ्यालीमार्फत सन्देश दिइएको छ । यो राम्रो पनि हो । तत्काललाई 'पिठपछाडिबाट' मौका खोजिरहेकाहरुलाई 'असफलताको धूलो' चटाइएको छ।

तर शनिबार वीरगंजको छपकैयामा हनुमान जयन्तीका अवसरमा निकालिएको शोभायात्राका सहभागी फर्कने क्रममा ढुंगामुढा गरेर अर्को समूह फेरि अराजकतामा रोटी सेक्ने स्वार्थमा देखियो । निर्दोष भक्तजन शोभायात्रामा रहँदा, जाँदा या फर्कँदा उनीहरुलाई लखेट्नु, आक्रमण गर्नु, ढुंगामुढा गर्नु कुन धर्मशास्त्रको कुन अध्यायमा 'पुण्य' भनेर उल्लेख गरिएको छ ?

जुनसुकै धर्म मान्नेले पनि अर्को धर्म मान्ने निर्दोष भक्तजन, सदस्य, अनुयायीलाई लखेट्दा धर्म हुने भन्ठाने या धर्मका नाममा कुनै रिसिइबी साँधेर वीरगंजलाई अशान्त बनाउन चाहे ? विश्व हिन्दू परिषद्ले शनिबार साँझ विज्ञप्ति निकालेर यस्तो कुकर्ममा संलग्नको खोजीको अपिल गरेको छ। उसले भनेको छ, 'यस्ता कुकर्ममा संलग्नहरुलाई उन्मुक्ति भइरहे ठीक हुँदैन।' हो, धार्मिक सहिष्णुता भत्काउन खोज्नेहरु जुनसुकै धर्मका भए पनि ती धर्मावलम्बी होइनन्, आपराधिक मानसिकताका हुन्। अरुको धर्ममा प्रहार त गरे नै, आफ्नै धर्ममा पनि बस्न नसक्नेहरु के धर्म मान्छन् ? के धर्म सिकाउँछन् ?

राजनीति, शिक्षा, सञ्चार, धर्म, स्वास्थ्य सबै धर्म, वर्ग, समुदाय, जाति, सम्प्रदायका मानिसका लागि हो । यसमा पनि एउटा अमूक शक्ति स्वार्थ पूरा गर्न हिंसात्मक अभियान चलाउने सपना देख्छ भने, उसको पतनको सुरुवात प्रथमतः उसैको धर्मबाट हुन्छ, अरु धर्मावलम्बीले कानुनी सहारा लिइरहनै पर्दैन। वश सहिष्णुताको शक्तिले नै यस्ता स्वार्थी समूहलाई कारबाहीका दायरामा ल्याउँछ।

त्यतिखेरको क्षतिको अनुमान कल्पना भन्दा बाहिर हुन्छ । देश धर्मनिरपेक्ष भनेको सबै धर्मावलम्बीको भूगोल हुनेछ भनिएको हो । हिन्दू धर्मावलम्बीले पुण्यकार्य नै गर्न नपाउने, आफ्नो देवीदेवताको सम्झना, सम्मान, उपासना नै गर्न नपाउने भनिएको होइन।

यदि यस्तो बुझाइ हो भने समय यस्तो आउँछ कि, अबको लडाईं धर्ममा नाममा हिंसात्मक घडी हुनेछ, त्यतिखेर पृथ्वीनारायण शाहले भनेको कथन दोहोरिन्छ, 'जाइकटक नगर्नू-झिकीकटक नछोड्नू ।' यद्यपि हिंसाबाट समस्या समाधान हुँदैन । सबै धर्मका धर्मगुरुहरुले कतै आफ्नो धर्मावलम्बी समूहबाट पो हिंसात्मक कार्य भइरहेको छ कि भनेर समीक्षा गरे पुग्छ। अरुलाई पीडा दिएर धर्म हुँदैन भन्ने सम्झाए पुग्छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# मधेशका तथ्यगत र तत्वगत राजनीतिक सवालहरु

*मधेशको सारा राजनीतिक शक्ति बाराको चुनावमा होमिएका बेला नेपाल सरकारद्वारा कागजी रुपमा मुक्त घोषणा गरिएका बधुवा मजदुर 'हरवाचरवा'हरु पुनःस्थापनाको गुहार लगाउँदै यात्रामा निस्किएका छन् । राजविराजबाट र वीरगंजबाट २५-२५ जनाको समूह बनाएर ट्र्याक्टरमा सवार भएर गाँस र बासका निम्ति याचना गर्दै हिँडेका छन् । उनीहरु २८ गते चैत मधेश प्रदेश सरकारको दैलोमा पुग्नेछन् । हरवाचरवा पुनःस्थापनाका लागि बाराबाटै सुरुवात होस् । मधेशमा दिनकरको कवि भावना प्रफुष्टित होस् ।*



**–अर्जुन थपलिया**

बाराको उपनिर्वाचनले मधेशमा राजनीतिक उष्णतालाई हदैसम्म वृद्धि गराएको छ। पृथ्वी तातिएको (ग्लोबल वार्मिङ) को सवालभन्दा बढी अहिले बाराको चुनावले बढाएको राजनीतिक गर्मीको बढी चर्चा छ। आचारसंहिता अनुसार मौन अवधि सुरु हुनु अघिसम्म चुनाव प्रचार शैली समरजस्तै हुने देखिन्छ । परिणामलाई नेतृत्वको अस्तित्वसँग गाँसेर हेर्ने बाध्यताले चुनाव अत्यन्त भडकिलो र खर्चिलो हुने सहज अनुमान लगाउन सकिन्छ । सन्तोष गर्ने ठाउँ कहाँ छ भने अहिलेसम्म अप्रिय लाग्ने टकरावका घटना सुनिएको छैन।

निर्वाचनमा भिडेका पक्षहरुले संसद भवनको अबिर यात्रालाई मरणजीवनको सवाल बनाइरहेका छन् । तर मधेश राजनीतिमा अर्को तत्वगत सवाल छ । त्यो सवाल होः मधेशमा सामाजिक न्यायको प्रत्याभूति । चुनाव कसले जित्ने यो क्षणभोगको आनन्दजस्तै अल्पसमयको त्वरित रमरम मात्र हो । दुरगामी शान्ति, स्थायित्व र लोकतन्त्रको मधुरीमा तत्वगत सवालसँग गाँसिएको छ । मधेशमा दलितहरु १५ प्रतिशतको हाराहारीमा छन् । दलितहरुमध्येकै ९० प्रतिशत आस्वासनको रुपमा सरकारले दिने उधारो मुक्ति पाएका हरवाचरवा छन् ।

मधेशको सारा राजनीतिक शक्ति बाराको चुनावमा होमिएका बेला नेपाल सरकारद्वारा कागजी रुपमा मुक्त घोषणा गरिएका बधुवा मजदुर 'हरवाचरवा'हरु पुनःस्थापनाको गुहार लगाउँदै यात्रामा निस्किएका छन् । राजविराजबाट र वीरगंजबाट २५-२५ जनाको समूह बनाएर ट्र्याक्टरमा सवार भएर गाँस र बासका निम्ति याचना गर्दै हिँडेका छन् । उनीहरु २८ गते चैत मधेश प्रदेश सरकारको दैलोमा पुग्नेछन् ।

विगतकै सरकारको पालामा गठित 'मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवासम्बन्धी वस्तुस्थिति अध्ययन समिति' द्वारा हरवाचरवा अस्तित्वमा रहेका मधेश प्रदेशका ८ वटै जिल्लाका अध्ययन गरिएको थियो । समितिको प्रतिवेदनका आधारमा २०७९ साउन २ गतेका दिन कमैया श्रम निषेध गर्न बनेको ऐन २०५८ अनुसार हरवाचरवाको मुक्ति र ऋण तथा कागजात खारेजीको ऐतिहासिक घोषणा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको थियो । उनीहरुको मुक्तिको घोषणा त गरियो तर पुनःस्थापनाको प्रबन्ध गरिएन । नेपाल सरकारद्वारा मुक्त घोषणा गरिएका मधेश प्रदेशका हरवाचरवा र तिनका परिवारजन अलन्तारमा परेका छन् । मालिक र जमिन्दारको दैलो पनि छुट्यो । सरकारले मुक्त घोषणा त गरिदियो तर दुई छाकको सामलको पनि प्रबन्ध गरिदिएन । मुक्त हरवाचरवाहरु पुनःस्थापनाका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको ढोका घच्घच्याइरहेका छन् । तर कहिँकतैबाट सुनुवाइ भएको छैन । हरवाचरवाको मुक्तिको घोषणा त भयो तर उनीहरुको यकिन संख्या कति हो भन्ने पनि तथ्यांक संकलन गरिएको छैन । मुक्त गरिएका हरवाचरवाको थातबास, जोतिखाने जग्गा, सीपमूलक तालिम र बिउपुँजी तथा हरवाचरवाका बालबच्चाको शिक्षादीक्षाका लागि विशेष प्रबन्धतर्फ सिन्को सारिएको छैन । मुक्तिको सरकारी घोषणाविना दुधको शिशु पाल्नुजस्तै भएको छ । परिणामतः मुक्त हरवाचरवा पुनः बधुवा मजदुर राख भनेर जमिन्दारको घर जानु पर्ने स्थिति आउन सक्छ।




मधेश राजनीतिमा मूलतः देखिएका दुई दृश्य तत्वगत र तथ्यगत सवालमा आधारित छन् । राजनीतिको तथ्यगत सवाल रोमाञ्चकारी छ । किनकी यो निर्वाचन परिणामसँग जोडिएको छ । कसले बाजी मार्ला ? अनेकन अडकलबाजी चलिरहेको छ । निर्वाचनमा भिडेका पक्षहरुले संसद भवनको अबिर यात्रालाई मरणजीवनको सवाल बनाइरहेका छन् । तर मधेश राजनीतिमा अर्को तत्वगत सवाल छ । त्यो सवाल होः मधेशमा सामाजिक न्यायको प्रत्याभूति । चुनाव कसले जित्ने यो क्षणभोगको आनन्दजस्तै अल्पसमयको त्वरित रमरम मात्र हो । दुरगामी शान्ति, स्थायित्व र लोकतन्त्रको मधुरीमा तत्वगत सवालसँग गाँसिएको छ। मधेशमा दलितहरु १५ प्रतिशतको हाराहारीमा छन्। दलितहरुमध्येकै ९० प्रतिशत आस्वासनको रुपमा सरकारले दिने उधारो मुक्ति पाएका हरवाचरवा छन् । उनीहरु घरबारविहीन छन् । अपवादबाहेक शतप्रतिशत भूमिविहीन छन्। अनिकालको सामना गर्नु नपरेको परिवार छैन । बालबच्चा विद्यालय गएका छैनन् । यो कहालीलाग्दो सामाजिक असमानताको परिदृश्य किमार्थ पनि लोकतान्त्रिक गणतन्त्रको सौन्दर्य होइन । न त संघीयताकै दीर्घायुको लागि पोषणतत्व हो।

मधेश आन्दोलनपछिको संघीय शासन अन्तर्गतको मधेश कस्तो हुन्छ र रहनेछ ? त्यसको राजनीतिक खाका र कबुलियतनामा न त समाजवादी शब्द जोडिएको पार्टीले प्रस्तुत गरेको छ न जनताको मत अभिसूचक नामधारी पार्टीले । चुनावका बेला अमूर्त विकासका नारा र उधारो आस्वासन दिइन्छ । मधेशमा सीमान्तिकृत, उपेक्षित र जीवन उकास्न राज्यका तर्फबाट कुनै सहयोग नपाएका दलित र गरिबहरु सामाजिक सुरक्षा र सामाजिक न्यायविहीन भएका छन् । उनीहरुले संघीय लोकतान्त्रिक गणतन्त्र मधेशका हुनेखाने वर्गकाले नेतृत्व गर्ने र राजनीतिक खतिउपति खाने व्यवस्थाको रुपमा हृदयमगम गर्दै छन् । सीमान्तिकृत वर्गको यो बाध्यात्मक बोध संघीयताका लागि भविष्यमा हानिकारकसिद्ध हुनसक्छ । तत्वगत सवाल यो हो । ढाँट राजनीति कै कारण कतिपय नेताले ठाउँ सर्दै चुनाव लडदै गर्नु परेको छ। संघीयता न्याय र समानतामा आधारित राजनीतिक व्यवस्था हो भन्ने कुरा व्यवहारबाट स्थापित गरेको भए संसद भवन छिर्न मसिहा भनिएका नेताले यतिविघ्न निराशा भोग्नु पर्ने थिएन । मधेशका प्रतिस्पर्धी राजनीतिक दलहरु पनि हिंसा र विग्रहको विप्लवकारी राजनीतिक आलोकमा फस्टाएका हुन् । जाति विशेष नियन्त्रित राज्य संरचनाले मधेश भूगोललाई निरीह र निम्छरो बनाएको नारा दिएर कतिञ्जेल टिक्ने ? न्याय र समानतामा आधारित मधेश प्रत्याभूत नगर्ने हो वा राजनीतिक चेष्ठा त्यसतर्फ केन्द्रित नहुने हो भने कसैको पनि मसिहापन धेरै दिन टिक्दैन। बारा उपनिर्वाचनमा होमिएका मधेश केन्द्रित दलहरुले हरवाचरवा पुनःस्थापनाको सवाललाई सम्बोधन गर्ने उद्घोष गरेर अबको राजनीतिक यात्रा न्याय र समानतामा आधारित मधेशी समाज निर्माण गर्न कटिबद्धता दर्शाउन आवश्यक छ । तथ्यगत राजनीतिक सवाल हलेदोको रंग जस्तो हलुका र क्षणिक

*बाँकी पृष्ठ ६ मा*

# इदको चहलपहल

- गोपालप्रसाद बराल

इस्लाम धर्मावलम्बीको पवित्र रमजान रोजासँगै इदको चहलपहल बढेको छ । रमजानभरि एकमहिने रोजा (व्रत) गरिरहेका इस्लाम धर्मावलम्बी बसोबास बाहुल्यताका बस्तीमा अहिलेदेखि नै इदको चहलपहल बढेको हो।

ऊर्दू पात्रो (हिजरी सम्वत्) अनुसार रमजान महिना सकिनासाथ सुरु हुने सब्वाल महिनाको एक तारिखका दिन इद मनाउने इस्लाम परम्परा छ । अहिले रमजान सुरु भएको दुई साता बितेको छ।

'रमजान र इद जोडिएकै कुरा हुन्, रमजानको रोजा (व्रत) सकिएको भोलिपल्ट इद (इद-उल-फित्र) मनाइने त हो,' बर्दिबास-१ का इस्माइल चुरौटे भन्छन्, 'त्यसैले हाम्रो घरपरिवारमा इदको सोधखोज र तयारी सुरु भएको छ ।' इद इस्लाम परम्पराको मुख्य पर्व भएको हुँदा यसको तयारी केही साता पहिले नै सुरु हुने मुसलमान (इस्लाम धर्मावलम्बी) बताउँछन्। बोलीचालीमा 'इद' भनिने इद-उल-फित्र इस्लाम परम्पराको मुख्य पर्व हो।

मुस्लिम गृहिणी रमजान रोजा (व्रत)कै बीच अहिले गहुँको पिठो मुछेर घरघरैजसो 'सेवइ' (मुछिएको पिठो सानो फलामेयन्त्रमा पेलेर सिन्काजस्तो बनाएर निकालिने खाद्य वस्तु) बनाउन व्यस्त छन् । दूधमा पकाइएको सेवइ इद पर्वको खास परिकार मानिन्छ । यसरी पेलेर बनाइएको सेवइ केही दिन सुकाइएपछि दूधमा पकाउन मिल्छ। इद



मुसलमानका लागि 'जकात' (कमाइको साढे दुई प्रतिशत नगद वा जिन्सी गरिब दुखीलाई बाँड्न छुट्याइएको रकम) को बेला पनि हो।

रमजानको रोजा गरिरहेकै बेला मुसलमान 'जकात' का लागि रकम छुट्याउन थाल्छन् । इद परिवारका सबै सदस्य, नाताकुटुम्ब र गरिब दुःखीका लागि नयाँ लुगा फेर्ने फेराउने अवसर पनि भएको हुँदा आम मुसलमान पहिलेदेखि नै यसको तयारीमा लाग्छन् । 'अब दुई साता त बाँकी छ रमजान, रमजान सकिएको भोलिपल्ट नै इद मनाउने हो,' तन्मयसाथ सेवइ बनाइरहेकी बलवा-९ अधियानपुरकी सकिला खातुन भन्छिन्, 'त्यसैले घरघरैजसो इदको तयारी गरिँदैछ ।'

रमजानभित्रै अहिले मुस्लिम (मुसलमान, इस्लाम धर्मावलम्बी) बसोबास बाहुल्यताका बस्तीमा इदको चर्चा छ । बाहिर रहेका परिवारजन इदका अवसरमा बिदा मिलाएर घर आउने परिवारजनको पर्खाइ छ। 'अरु त घरै छौं, सनिउल्लाह (छोरा) विदेश छ, तर यसपालि ऊ बिदा मिलाएर घर आउने कुरा छ,' सउदीअरेबिया रहेका छोरा परिवारजनसँगै इद मनाउन आउने कुराले प्रफुल्ल देखिने भङ्गाहा-४ रामनगरका ७५ वर्षीय इस्लाम कवारी भन्छन्, 'अल्लाह (ईश्वर, भगवान्) को मर्जी (कृपा) रहे यसपालि परिवारका सबै सदस्य इदमा सँगै हुनेछौं।'

आफ्नो परिवारमा तीन वर्षपछि यस्तो सुखद अवसर मिल्न लागेको इस्लाम बताउँछन् । इद यसपालि आउने वैशाखको दोस्रो साताको सुरु (वैशाख ९ वा १०) मै पर्दैछ। चन्द्र दर्शनसँग इद जोडिने हुँदा एक दिन तलमाथि पर्नसक्ने इस्लाम धर्मावलम्बी बताउँछन् । जिल्लामा सम्सी, लोहारपट्टी, जलेश्वर, बलवा, मटिहानी, भङ्गाहा, रामगोपालपुर र बर्दिबाससहितका स्थानीय तहका अधिकांश बस्तीमा सघन मुस्लिम बसोबास छ। यी स्थानीय तहका मुस्लिम बाहुल्य बस्तीमा अहिले इद केन्द्रित तयारी र चर्चा सुनिन्छ।

बर्दिबासका अधिकांश मुसलमान नेपाली भाषी र अन्य ठाउँका मैथिली तथा ऊर्दू भाषी भए पनि इद पर्वको परम्परा भने समान छ।

'वरपर रहेका हामी सबैसँगै मस्जिद (प्रार्थनाघर)मा नमाज पढ्छौं, सँगै पर्वको खुसी मनाउँछौं,' बर्दिबास-१४ का नेपाली भाषी साविर चुरौटे भन्छन्, 'अल्लाहले सबैलाई हेरिरहनुहुन्छ, कसैसँग वैरभाव राख्न हुँदैन ।' मुसलमान मात्र नभएर संसारभरिका सबै मानवजाति र प्राणीप्रति करुणा राख्नुपर्ने रमजान (पवित्र महिना) र इदको मूल सन्देश रहेको साविर बताउँछन्।

रमजान मानवीय करुणा उजागर गराउन, परोपकारमा उद्दत गराउन र सद्आचरणमा रहन प्रेरित गराउने पवित्र महिना मानिन्छ। यसै महिनामा पृथ्वीमा पवित्र ग्रन्थ कुरान अवतरित


मुस्लिम गृहिणी रमजान रोजा (व्रत)कै बीच अहिले गहुँको पिठो मुछेर घरघरैजसो 'सेवइ' (मुछिएको पिठो सानो फलामेयन्त्रमा पेलेर सिन्काजस्तो बनाएर निकालिने खाद्य वस्तु) बनाउन व्यस्त छन् । दूधमा पकाइएको सेवइ इद पर्वको खास परिकार मानिन्छ । यसरी पेलेर बनाइएको सेवइ केही दिन सुकाइएपछि दूधमा पकाउन मिल्छ । इद मुसलमानका लागि 'जकात' (कमाइको साढे दुई प्रतिशत नगद वा जिन्सी गरिब दुखीलाई बाँड्न छुट्याइएको रकम) को बेला पनि हो ।

*- बाँकी पृष्ठ ६ मा*

# आयोग बनाएर श्रमिकका माग सम्बोधन सम्भवः कोइराला

वीरगंज । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले श्रमिक वर्गको माग सम्बोधन गर्न श्रम आयोग गठन गर्नुपर्ने बताएका छन् ।

नेपाल ट्रेड युनियन कांग्रेसनिकट नेपाल यातायात मजदुर सङ्घको सातौँ राष्ट्रिय महाधिवेशनको आइतबार वीरगंजमा उद्घाटन गर्दै उनले भने, 'संविधान बन्ने क्रममा श्रम आयोगको कुरा उठाएको थिएँ, तर यसमा ध्यान पुगेन ।' श्रम आयोग बनाउन सबैको ध्यान जानुपर्नेमा डा कोइरालाले जोड दिए ।



आयोग गठनका लागि सबै क्षेत्रबाट दबाबको आवश्यकता रहेको उनको भनाइ थियो । लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याउन मजदुरको ठूलो भूमिका रहेको उल्लेख गर्दै कोइरालाले श्रमिक वर्ग सवल र सक्षम भए मात्र लोकतान्त्रिक व्यवस्था मजबुत हुने बताए ।

संविधानमा मधेसी, महिला र दलित वर्गको प्रतिनिधित्व सुनिश्चित गरिए जस्तै श्रमिकको प्रतिनिधित्व सुनिश्चितामा उनले जोड दिए । यसका लागि श्रमिक सङ्गठित भएर लाग्नुपर्ने नेता कोइरालाको भनाइ थियो । 'मजदुर नै कांग्रेस पार्टीका जन्मदता हुन्,' डा. कोइरालाले भने, 'तर कांग्रेसले जसरी मजदुरका सवालमा गम्भीर हुनुपर्दथ्यो त्यो हुनसकेको छैन, केबल समस्या परेका बेला मजदुरलाई खोज्ने र समस्या हल भएपछि बिर्सिदै आएको छ ।'

हालको यातायात व्यवस्था ऐन २० वर्ष पुरानो भइसकेकाले त्यसमा संशोधन गरी यातायात मजदुरका सवाललाई सम्बोधन गर्नुपर्ने नेता कोइरालाले बताए। कार्यक्रममा प्रतिनिधिसभा सदस्य अजय चौरसियाले सातवटै प्रदेशमा मजदुरका लागि छुट्टै अस्पताल बनाउनुपर्ने बताए । यातायात क्षेत्रलाई पूर्ण रुपमा सुरक्षित बनाउनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा भारतीय अतिथि अल इन्डिया रेलवे फेडेरेसनका महासचिव शिव गोपालले १० लाख सदस्यता भएको संगठनमा मजदुरको हकहितका लागि भारत सरकारले गरेको योगदान सराहनीय रहेको बताए ।

मजदुरहरुका कारण देश निर्माण हुने भएकाले मजदुरको पक्षमा काम गर्न नसक्ने देशको आर्थिक अवस्था धरापमा पर्दै गएको उनको धारणा थियो ।

नेपाल यतायात मजदुर संघका अध्यक्ष धर्मराज भण्डारीको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा पुस्कर आचार्य, सांसद अजय चौरसिया, नेपाली कांग्रेस पर्साका सभापति एवम् प्रदेश सभा सदस्य जनार्दन सिंह क्षेत्री, श्याम पटेल, कांग्रेस नेता शोभाकर पराजुली, अनिल रुगटा, बिरबहादुर सुवाल, अजय राई, प्रबिना सिह, लक्ष्मण प्रसाद कुर्मी लगायतले मन्तव्य व्यक्त गरेका थिए। टाउन हलमा सुरु भएको नेपाल यातायात मजदुर सङ्घको राष्ट्रिय महाधिवेशनमा देशभरका मजदुर नेताको सहभागिता छ। महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने आयोजकले जनाएको छ।

# नेप्सेमा २८ अङ्कको गिरावट

काठमाडौँ । पुँजीबजारमा आइतबार उच्च अङ्कको गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से)को परिसूचक २८ दशमलव ३१ अङ्कले घटेर एक हजार आठ सय ३८ दशमलव ४८ अङ्क कायम भएको हो

आइतबार दुई सय ६८ वटा कम्पनीको ३८ लाख ४३ हजार सात सय १३ कित्ता शेयर २ ९ हजार दुई सय ३९ पटक खरिदबिक्री हुँदा एक अर्ब १५ करोड ९४ लाख ४८ हजार रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। आइतबार सबै समूहको उपसूचक रातो देखिएको छ । सबैभन्दा धेरै जीवन बीमा समूह एक सय ७९ दशमलव ९४ र निर्जीवन बीमा समूह एक सय ५३ दशमलव ३६ अङ्कले घटेको छ।

नेप्सेका अनुसार बैंकिङ समूह १५ दशमलव ११, विकास बैंक समूह ६१ दशमलव ५२, वित्त समूह २७ दशमलव ७३, होटल तथा पर्यटन समूह ४३ दशमलव ०४ र जलविद्युत् समूह ५७ दशमलव ९० अङ्कले घटेको छ। त्यस्तै लगानी समूह शून्य दशमलव ६६, उत्पादन तथा प्रशोधन समूह ४९ दशमलव ८१, लघुवित्त ४४ दशमलव ३५, म्युचुअल फन्ड शून्य दशमलव १०, अन्य समूह १७ दशमलव तीन र व्यापार समूह २७ दशमलव ३३ अङ्कले घटेको छ।

आइतबारको कारोबारमा कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गिरावट भने माछापुच्छ्रे बैंक डिबेन्चर-२०८५ को शेयरमूल्य सात दशमलव ७५ प्रतिशतले घटेको छ । नेप्सेका अनुसार आइतबार सबैभन्दा धेरै नबिल बैंक लिमिटेडको पाँच करोड ७८ लाख ५५ हजार रुपैयाँ र शिवम् सिमेन्ट लिमिटेडको पाँच करोड ७८ लाख ३७ हजार रुपैयाँ बराबरको शेयर कारोबार भएको छ।

कारोबार भएको शेयर सङ्ख्याका आधारमा भने ग्लोबल बैंक लिमिटेडको प्रमोटर शेयर दुई लाख २३ हजार चार सय ३७ कित्ता खरिद बिक्री भएको छ।

# हेटौँडाका उद्योगमा साढे दुई अर्ब विद्युत बक्यौता




बागमती । नेपाल विद्युत् प्राधिकरण हेटौँडा वितरण केन्द्रलाई विद्युत् महसुलवापत यहाँका उद्योगले दुई अर्ब ५५ करोड ५२ लाख ८२ हजार आठ सय ४९ रुपैयाँ बुझाउन बाँकी छ । लामो समयदेखि पटकपटक ताकेता गर्दासमेत चालु आर्थिक वर्षको हालसम्म ती उद्योगबाट महुसुल नबुझाइएको केन्द्रले जनाएको छ। केही उद्योगविरुद्ध महशुलसम्बन्धी मुद्दासमेत चलिरहको छ भने महसुल नतिर्ने पाँच सय ४२ उद्योगलाई कालो सूचीमा राखेर कारबाही प्रक्रिया अगाडि बढाइएको छ । कालोसूचीमा परेका केही ग्राहकबाट कारबाहीस्वरुप ७९ हजार दुई सय ४१ रुपैयाँ सङ्कलन भएको बताइएको छ । चालु आवको हालसम्म पाँच हजार रुपैयाँ भन्दा बढी विद्युत् महसुल नतिर्ने नौ सय ७३ ग्राहकको लाइन काटेर कारबाही गरिएको केन्द्रका प्रमुख नरेन्द्रवीर श्रेष्ठले जानकारी दिए।

कारबाहीमा परेपछि छ सय १७ जनाले जरिवाना तिरेर निवेदन दिएकाले लाइन जोडिएको र त्यसबाट दुई करोड ५३ लाख ९५ हजार रुपैयाँ महसुल सङ्कलन भएको जनाइएको छ । हेटौँडामा ७२ हजार ६ सय ९४ ग्राहक रहेकामा वितरण केन्द्रले मासिक १९ करोड १७ लाख ८८ हजार रुपैयाँ मूल्य बराबरको विद्युत् बिक्री गर्दै आएको र १८ करोड छ लाख १२ हजार रुपैयाँ महसुलबापत राजस्व सङ्कलन हुँदै आएको छ । साथै विद्युत् प्राधिकरणको पोल प्रयोग गरेबापत विभिन्न छ वटा इन्टरनेट कम्पनीले ५३ लाख पचास हजार रुपैयाँ राजस्वसमेत बुझाएको बताइएको छ । यसैबीच ग्रामीण विद्युतीकरणअन्तर्गत जिल्लाका हेटौँडा उपमहानगरपालिकालगायत वकैया, राक्सिरागङ, मकवानपुरगढी, कैलाश, भीमफेदी गाउँपालिकाका साथै अन्य गाउँपालिकाको ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युतीकरण थालिएको वितरण केन्द्रका इञ्जिनियर सन्तोष चौहानले बताए । यस कार्यका लागि १८ करोड रुपैयाँभन्दा बढी बजेट छुट्याइएकामा कतिपय स्थानमा काम सम्पन्न भइसकेको छ भने कतिपय स्थानमा कार्य भइरहको बताइएको छ । मनहरीमा विद्युत् सबस्टेशन निर्माण प्रक्रियासमेत अगाडि बढेको जनाइएको छ।

# महासंघको वरिष्ठ उपाध्यक्षमा त्रिपक्षीय प्रतिस्पर्धा

काठमाडौँ । निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासङ्घमा चुनावी चहलपहल चलिरहेको छ। मुलुकको अर्थतन्त्र समस्यामा रहेको र त्यसबाट सबैभन्दा बढी निजीक्षेत्र प्रभावित भइरहेको सन्दर्भमा महासङ्घमा हुने निर्वाचनलाई विशेषरुपमा हेरिएको छ । यतिबेला वरिष्ठ उपाध्यक्षमा निर्वाचित हुने नेतृत्व नै अर्को कार्यकालमा स्वतः अध्यक्ष हुने व्यवस्था छ।

महासङ्घको ५७ औँ वार्षिक साधारणसभाले तीन वर्षको कार्यकालका लागि नयाँ नेतृत्व चुन्दैछ।

चैत २८ र २९ गते हुने साधारणसभा तथा निर्वाचनका लागि महासङ्घले उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिसकेको छ । वरिष्ठ उपाध्यक्ष स्वतःअध्यक्ष हुने महासङ्घको विधानअनुसार वर्तमान वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल महासङ्घको अध्यक्ष बन्दै छन् भने बाँकी पदमा निर्वाचन हुनेछ । वरिष्ठ उपाध्यक्षमा त्रिपक्षीय प्रतिष्पर्धा हुने निश्चित जस्तै देखिएको छ।

वरिष्ठ उपाध्यक्षमा महासङ्घका एसोसिएट उपाध्यक्ष रामचन्द्र सङ्घई, वस्तुगत उपाध्यक्ष अञ्जन श्रेष्ठ र उमेशलाल श्रेष्ठले प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन् ।

सङ्घई हाल महासङ्घमा एसोसिएट उपाध्यक्ष र अञ्जन वस्तुगत उपाध्यक्ष छन् । उमेशलाल भने यसअघिको निर्वाचनमा वस्तुगततर्फको उपाध्यक्षमा अञ्जनसँग पराजित भएका थिए ।

सङ्घई प्यानलबाट जिल्ला नगर उपाध्यक्षमा सुरकृष्ण वैद्य, वस्तुगत उपाध्यक्षमा सुकुन्तलाल हिराचन र एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ छन् । साथै अञ्जन श्रेष्ठ प्यानलमा वस्तुगत उपाध्यक्षमा मनिषलाल प्रधान र जिल्ला नगर उपाध्यक्षमा अरुणराज सुमार्गी उम्मेदवार छन् । उमेशलाल श्रेष्ठको प्यानलमा जिल्ला नगर उपाध्यक्षमा दिनेश श्रेष्ठ र वस्तुगत उपाध्यक्षमा हेमराज ढकाल उम्मेदवार छन्। एसोशिएटतर्फको अञ्जन श्रेष्ठ र उमेशलाल श्रेष्ठ प्यानलको संयुक्त उम्मेदवारमा उपाध्यक्षमा भरतराज आचार्य छन् । महासङ्घ कार्यकारिणी समितिमा प्रत्येक प्रदेशबाट एक-एक सदस्य निर्वाचित हुनेछन् । जसका लागि कोशी प्रदेश सदस्यका लागि टङ्कप्रसाद दुलाल, नरेन्द्रकुमार खड्का र तारानाथ घिमिरेले उम्मेदवारी दिएका छन् । मधेश प्रदेश सदस्यका लागि विजयकुमार साह र अरुणकुमार प्रधानको उम्मेदवारी छ भने बागमती प्रदेश सदस्यका लागि कृष्णप्रसाद अवाल र सविन श्रेष्ठले उम्मेदवारी दिएका छन्।

गण्डकी प्रदेशबाट जीवनज्योति श्रेष्ठ र युवराज राजभण्डारीको उम्मेदवारी परेको छ भने लुम्बिनी प्रदेशबाट जम्शेर मियाँको एकल उम्मेदवारी परेको छ । त्यस्तै कर्णाली प्रदेशबाट लालिमान बुढा, धनबहादुर रावत क्षेत्री र कुलबहादुर विश्वकर्मा तथा सुदूरपश्चिम प्रदेशबाट रामबहादुर भण्डारी र जङ्गबहादुर मल्लको उम्मेदवारी छ। संस्थापक सदस्य समूहतर्फ भीष्मप्रसाद न्यौपाने र टीकाराज ढकालको उम्मेदवारी छ । उनीहरुमध्ये एक जना निर्वाचित हुनेछन्।

वस्तुगत सङ्घतर्फको सदस्यमा १४ जनाका लागि २८ जनाको उम्मेदवारी परेको छ। जिल्ला नगर सङ्घ सदस्यमा १८ जनाका लागि ३२ जनाको उम्मेदवारी परेको छ भने एशोसिएट सदस्यतर्फ १९ जना सदस्यका लागि ३० जनाको उम्मेदवारी परेको छ । द्विराष्ट्रिय उद्योग वाणिज्य सङ्घ सदस्यतर्फ सुनिल केसीको एकल उम्मेदवारी परेको छ।

शनिबार बसेको महासङ्घको बैठकले नेपाल प्रज्ञा-प्रतिष्ठानलाई मतदान केन्द्र तोकेको छ। चैत २९ गते बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्मको समय तोकिएको छ।

महासङ्घको विधानअनुसार वरिष्ठ उपाध्यक्षको उम्मेदवार निर्वाचित हुन ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुपर्छ । त्यसैले कुनै उम्मेदवार पहिलो चरणमा निर्वाचित हुन नसकेका दोस्रो चरणका लागि चैत ३० गते बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म फेरि मतदान हुनेछ।

'वरिष्ठ उपाध्यक्षका लागि ५० प्रतशितभन्दा बढी मत चाहिन्छ। तीन जना उम्मेदवारमध्ये पहिलो चरणमा कुनै पनि उम्मेदवारले त्यस्तो मत प्राप्त गर्न सकेनन भने बढी मत ल्याउने दुई उम्मेदवारबीच अर्को चरणको निर्वाचन हुनेछ । पहिलो चरणको निर्वाचनमै कुनै उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत ल्याएमा स्वतःविजयी हुनेछन,' निर्वाचन अधिकृत रमणकुमार कर्णले भने।

महासङ्घका अनुसार जिल्ला नगर समूह र वस्तुगत सङ्घ समूहका लागि एउटा-एउटा मतदान केन्द्र तोकिएको छ भने एशोसिएटतर्फ तीन वटा मतदान केन्द्र तोकिएका छन्।

जिल्ला नगर समूहका सबै पदका लागि रातो रङको मतपत्र, वस्तुगत समूहका सबै पदका लागि निलो रङको मतपत्र र एशोसिएट समूहका सबै पदका लागि सेतो रङको मतपत्र बनाइएको महासङ्घले जनाएको छ । प्रदेश सदस्य र संस्थापक समूह सदस्य पदको मतपत्र भने पहेलो रङको हुनेछ। वरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष पदका उम्मेदवारले तीन जनासम्म मतदान र मतगणना प्रतिनिधि राख्न सक्नेछन्। नेपाल उद्योग वाणिज्य महासङ्घको विधान २०४९ (छैटौँ संशोधन) अनुसार निर्वाचित हुने वरिष्ठ उपाध्यक्षले निर्वाचनमा खसेको मतको कम्तीमा ५० प्रतिशत र थप एक मत प्राप्त गर्नुपर्नेछ । पहिलो चरणमा कुनै उम्मेदवारले ५० प्रतिशत र थप एक मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारबीच पुनःनिर्वाचन हुने व्यवस्था छ । पुनःनिर्वाचन हुँदा दोस्रोपटक हुने निर्वाचनमा बढी मत प्राप्त गर्ने उम्मेदवार वरिष्ठ उपाध्यक्षमा निर्वाचित हुनेछ।

वरिष्ठ उपाध्यक्षको निर्वाचनमा जिल्ला नगर सङ्घको ५० प्रतिशत, वस्तुगत सङ्घ सदस्यको २० प्रतिशत र एशोसिएट सदस्यको ३० प्रतिशत मतभार रहन्छ । महासङ्घका अनुसार वस्तुगततर्फ एक सय २३, जिल्ला नगर उवासंघतर्फ एक सय २१, एसोसिएटतर्फ एक हजार ७ सय ६२ र द्विराष्ट्रिय सदस्य २० छन्।

चुनावमा होमिएका सबै उम्मेदवारले मुलुकको अर्थतन्त्र सुधार र निजी क्षेत्रलाई अझ बढी व्यावसायिक तथा प्रतिस्पर्धी बनाउने विषयलाई चुनावी एजेन्डा बनाएका छन् । महासङ्घको भिजन पेपर २०३० कार्यान्वयन पनि सबै उम्मेदवारको एजेन्डामा परेको छ।

नेपालको तीनखम्बे अर्थनीतिअनुसार खुला बजार नीति अवलम्बन गर्ने र अर्थतन्त्रको विकासमा निजी क्षेत्रकोतर्फबाट महत्वपूर्ण योगदान गर्ने संस्थाका रुपमा महासङ्घ छ। महासङ्घले सरकारले तर्जुमा गर्ने आर्थिक, मौद्रिक तथा वाणिज्य क्षेत्रसँग सम्बन्धित कानुन तथा नीतिनिर्माण, संशोधन र खारेजी प्रक्रियामा समयसापेक्ष परामर्श दिने गरेको छ।

# स्याफ्रुबेँसी–रसुवागढी सडक निर्माण अघि बढ्ने

काठमाडौँ। सम्झौता भएको झण्डै पाँचवर्षपछिस्याफ्रुबेँसी-रसुवागढी सडक निर्माण अघि बढ्ने भएको छ। सडक निर्माण अघि बढाउन निर्माण कम्पनी अप्रिलमै आउने तय भएको गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजनाका प्रमुख ध्रुवकुमार श्रेष्ठले जानकारी दिए । केही समय पहिले चिनियाँ दूतावासका प्रतिनिधि निर्माणस्थल पुगेका थिए । जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी, आयोजना प्रमुख र दूतावासका दुईजना प्रतिनिधिबीच सडक निर्माण अघि बढाउने विषयमा छलफल भएको उनको भनाइ छ । बैठकमा चिनियाँ पक्षले नेपाल सरकारले काम अघि बढाउनुपर्ने भनेको जानकारी गराएको थियो । सडक खण्डमा अहिले कतिपय स्थानमा बिजुलीको पोल स्थानान्तरणको समस्या रहेको योजना प्रमुख श्रेष्ठको भनाइ छ।

सरकारले सन् २०१८ मा सडक चीन सरकारको सहयोगमा निर्माण गर्ने गरी सम्झौता भएको थियो । कोभिडभन्दा पहिले निर्माण कम्पनी निर्माणस्थल पुगेको थियो। त्यतिबेला चिनियाँ नयाँ वर्षको कारण उनीहरु चीन गएको र त्यसपछि नफर्किएको उनले बताए। 'तत्कालीन समयमा चिनियाँहरु नयाँ वर्ष मनाउने चीन गएपछि कोरोना महामारी सुरु भयो र उनीहरु समयमै फर्कन पाएनन्,' उनले भने।

विसं २०७२ मा नाकाबन्दीपछि चीनतर्फको नाका खोल्नका लागि सरकारले सो योजनालाई प्राथमिकतामा राखेको थियो । भारत र चीन जोड्ने द्विदेशीय नाकाका रुपमा विकास गर्न खोजिएको योजनाले जनाएको छ। पहिले रसुवाबाट चीन जोड्न धुन्चेको बाटो प्रयोग हुने गरेको थियो। रसुवाको सदरमुकाम धुन्चे पुग्न बढी उचाइमा जानुपर्ने र साँघुरो, घुम्ती बढी भएकाले नयाँ सडकको अवधारणा ल्याइएको प्रमुख श्रेष्ठको भनाइ छ।

बेत्रावतीबाट माथिल्लोतर्फ लाग्दा धुन्चे पुगिने र देब्रे लाग्दा त्रिशूलीको किनारैकिनार मैलुङहुँदै स्याफ्रुबेँसी गएर पुरानो बाटोमा भेटिन्छ । यो सडक खोलाको किनारै किनार जाने र साँघुरा घुम्ती नरहेको उनले बताए । लम्बाइका हिसाबले पनि सडक झण्डै २५ किमी छोटो हुनेछ । उनले भने, 'तुलनात्मक रुपमा छोटो छ र उकालो ओरालो पनि कम रहेको छ।'

रसुवागढीसम्म पुग्ने सडक पृथ्वी राजमार्गको गल्छीबाट सुरु हुन्छ । गल्छीबाट नारायणगढहुँदै वीरगंजको ठोरी हुँदै रक्स्यौल नाका जोड्न सकिन्छ। गल्छीबाटै सङ्घीय राजधानी काठमाडौँ वा पश्चिमतर्फ पोखरा वा बुटवल जान सकिन्छ । कोभिडको समयमा कुनै पनि काम नभएकामा अहिले निर्माण अघि बढाउने उद्देश्यले दातृ निकाय आउन थालेको सडक विभाग, विकास सहायता समन्वय महाशाखाका प्रमुख डा. विजय जैसीले बताए। स्याफ्रुबेँसी-रसुवागढी सडकमा निर्माण कम्पनी ठेक्का सम्झौता गरेर गएपछि नआएकोमा अहिले स्थलगत भ्रमण भएको श्रेष्ठले बताए । महाशाखाले यसबीच निर्माण अघि बढाउन इमेलमार्फत सम्पर्क गरिरहेको प्रमुख डा. जैसीको भनाइ छ । उनीहरुले पहिले कोभिडका कारण आउन नसकेको भनेका थिए। कोभिडका कारण अघि बढ्न नसकेका आयोजना विशेष गरी चिनियाँ परियोजनामा गति लिने देखिएको छ ।चीनसँग जोड्ने छोटो मार्गका रुपमा रहेको गल्छीबाट स्याफ्रुबेँसी हुँदै रसुवागढीसम्मको सडक व्यापारिक हिसाबलेसमेत महत्वपूर्ण छ।

विसं २०७२ मंसिर १७ गते मन्त्रिपरिषद्को बैठकले यो सडकलाई सहायक मार्ग तोकी राष्ट्रिय गौरवको मान्यता दिएको थियो । दुई देशबीचको छोटो दूरीको व्यापारिक मार्गका रुपमा स्थापित गर्ने सरकारको योजना थियो । योजनाले खासगरी धादिङ, नुवाकोट र रसुवा गरी तीन जिल्लालाई जोड्छ । चितवनको भण्डारालाई सुरु बिन्दु मान्दा भने चार जिल्लापर्छ । भण्डाराबाट गल्छीसम्मको सडक भने डिभिजन सडक कार्यालयले हेरिरहेको छ। सरकारले यसलाई उत्तर-दक्षिण राजमार्गका रुपमा सूचीकृत नगरे पनि भण्डाराबाट रसुवागढीसम्मको सडकले भारतको सीमा हुँदै चीनको सीमासम्म पुग्नेछ । गल्छीबाट मैलुङसम्मको सडकको लम्बाई ४६ किमी, दोस्रो खण्ड मैलुङदेखि स्याफ्रुबेँसीसम्मको सडकको लम्बाइ १९ किमी छ। स्याफ्रेबँसीबाट रसुवागढी झण्डै १७ किमी लम्बाइ छ। गल्छीबाट नै रसुवागढीसम्मको सडक ८२ किमी छ।

# मधेशमा 'होमस्टे'को सम्भावना खोजिँदै

महोत्तरी । पहाडी र हिमाली जिल्लामा फस्टाएको होमस्टे (घरबास) को मधेशमा पनि सम्भावना खोजिँदैछ।

महोत्तरीको बर्दिबास-१४ मा स्थापना भएको नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम), बर्दिबास शाखाले यसको सम्भावनाबारे अध्ययन थालेको छ।



नाथम बर्दिबास शाखाका प्रमुख शिवेन्द्र मल्लिकले गौशाला-८ बेलगाछीमा घरबासको सम्भावना रहेको बताए । प्रारम्भिक चरणमा बर्दिबास वरपर घरबास सञ्चालनका लागि पूर्वाधार विकास गर्न विद्यार्थी, स्थानीय जनप्रतिनिधि र व्यवसायप्रति इच्छा भएकालाई नवलपरासीको अमरटारी र कास्कीको लुवाङ होमस्टे अभ्यासको स्थलगत अध्ययन अवलोकन गराइएको उनले बताए।

नवलपरासी र काश्कीका घरबासको अध्ययन अवलोकनपछि गौशाला-८ का वडाअध्यक्ष भोजबहादुर दर्लामीले महोत्तरीमा पनि अभ्यास सफल हुने उल्लेख गरे । 'बस्ती नजिकै टुटेश्वरनाथ, पञ्चधुरा माईस्थान, राईमण्डलसहितका प्रसिद्ध तीर्थस्थल छन्,' दर्लामीले भने, 'घरबास सञ्चालनसँग जोडेर यी तीर्थस्थलको पर्यटकीय पूर्वाधार विकासका काम अघि बढाइनुपर्दछ।'

पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको, नजिकै सघन वनक्षेत्र र प्रसस्त खोल्साखोल्सी एवम जलाधार क्षेत्र रहेकाले उक्त ठाउँ पर्यटकको रोजाइमा पर्ने दर्लामी बताउँछन् । नाथमसँगै गौशाला र बर्दिबास नगरपालिकाले यो कार्यका लागि पहलकदमी लिनुपर्ने उनको भनाइ छ । घरबासका लागि प्रस्तावित ठाउँ गौशालामा परे पनि टुटेश्वरनाथ, पञ्चधुरा माईस्थान र राईमण्डल बर्दिबास नगरपालिकामा पर्छन् ।

बेलगाछीमा घरबास र बर्दिबासमा धार्मिकस्थल रहेकामा दुवै नगरपालिकाले समान चासो लिनुपर्ने गौशाला-१ का सन्तबहादुर आलेको भनाइ छ।

बर्दिबास प्रदेशकै शैक्षिक केन्द्रका रुपमा चिनिन्छ । यसबाहेक बर्दिबास-सिन्धुली-बनेपा सडक (बिपी राजमार्ग), बर्दिबास-जलेश्वर र बर्दिबास-गौशाला-सम्सी सडकको चौरस्ताचोकसमेत भएकाले बर्दिबास व्यापारिक कारोबारको केन्द्र बन्दैछ।

विभिन्न भाषा, संस्कृति र धर्म परम्पराको विविधता पनि बर्दिबासमा देख्न पाइन्छ । बर्दिबास (बर्दिबासचोक) र बेलगाछीबीचको दूरी झण्डै सात किलोमिटर रहेकाले बर्दिबासमा धार्मिक, शैक्षिक, व्यापारिक र अवलोकन भ्रमण प्रयोजनसँग जोडेर हुँदै आएको सघन आवतजावतलाई बेलगाछी होमस्टेसँग जोड्न सकिन्छ।

त्यसैले घरबासको सम्भावनातिर पहलकदमी बढाइएको नाथम बर्दिबास शाखाले जनाएको छ।

विसं २०७७ मा मुख्यतः वैदेशिक रोजगारमा जानसक्ने सैद्धान्तिक र व्यावहारिक ज्ञान भएको दक्ष जनशक्ति मधेशमा बढाउन नाथमले बर्दिबासमा शाखा स्थापना गरेको हो।

यस क्रममा नाथमले यहाँ स्नातक तहमा हस्पिटालिटी म्यानेजमेन्टको पठनपाठन गराउँदैछ । त्यसैले नाथमले बेलगाछीमा घरबास सञ्चालनका लागि चासो दिएको हो । हाल यहाँ १७ जना अध्ययनरत रहेका नाथम बर्दिबास शाखा प्रमुख मल्लिकले बताए।

'आउँदो शैक्षिक सत्रदेखि विद्यार्थीको चाप बढ्छ,' उनले भने । पछिल्लो समय बढ्दो शैक्षिक बेरोजगारी सीपसहितको व्यावसायिक शिक्षाले घटाउने मल्लिक बताउँछन्।

# वित्तीय संस्था पीडितको कार्यक्रममा प्रसाईं आउने




रामजी यादव
वीरगंज, २६ चैत।

बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजका कारण पर्न गएको असरबारे वीरगंजमा पत्रकार सम्मेलनको भएको छ।

नरेशकुमार साह र सिएअजय चौरसियाको आयोजनामा भएको कार्यक्रममा विभिन्न बैंक तथा वित्तीय संस्थाका चर्को ब्याजका उद्योगी, व्यापारीलगायत सर्वसाधारण सहभागी थिए। गतवर्ष बैंक तथा वित्तीय संस्थाले ८ प्रतिशत ब्याज ग्राहकसँग लिने गरेकामा १८ प्रतिशत ब्याज लिइरहेको कार्यक्रममा बताइएको थियो। 'बैंक तथा वित्तीय संस्थाले ग्राहकसँग विभिन सेवावापतको रकम विभिन्न बहानामा असुल गरिरहेका छन्,' सिए चौरसियाले भने, 'ऋण लिएका व्यक्तिप्रति गलत नीतिनियम तथा क्रियाकलाप भइरहेको भए पनि सरकार मौन छ।'

बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजका कारण आमजनताले आत्महत्याको सिकार हुनु परेको नरेशकुमार साहले बताए। बैंक तथा वित्तीय संस्थाले लिने गरेको चर्को ब्याजका कारण समस्या खेपिरहेकाको समस्या समाधान नभए बाध्य भएर आन्दोलन गर्नु पर्ने अवस्था भएको साहले बताए।

चर्को ब्याजबारे वीरगंजको उद्योगी ब्यापारी केही सातादेखि बिरोध कार्यक्रममा छन्। सोमबार यही विषयलाई लिएर वीरगंज बसपार्कमा कार्यत्रलम हुने र कार्यक्रमलाई दुर्गा प्रसाईंले सम्बोधन गर्ने बताइएको छ।

# भन्सार चोरी निकासी पैठारी नियन्त्रण गर्न निर्देशन

मधेशदृष्टि
जनकपुरधाम, २६ चैत।

भन्सार चोरी निकासी पैठारी सहितका अवैध कार्य नियन्त्रण गर्न मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरिक्षक जनक भट्टराईले निर्देशन दिएका छन्।

आइतवार जिल्ला प्रहरी कार्यालय सप्तरीको निरिक्षण गर्दै प्रमुख भट्टराईले जिप्रका सप्तरी तथा मातहत प्रहरी युनिट प्रमुखहरुलाई सम्बोधन गर्दै यस्तो निर्देशन दिएका हुन्।

उनले मातहत सिमानाकामा रहेका प्रहरी युनिटहरुको निरीक्षण तथा चोरी निकासी नियन्त्रण गर्न तदारुकताका साथ लाग्न, संगठित अपराध तथा अपराधिक क्रियाकलापहरुलाई नियन्त्रण गर्ने र मिटरब्याज नियन्त्रणलाई प्रभावकारी



कार्यान्वयन गर्न समे निर्देशन दिए। यसका साथै भट्टराईले जाली नोटको कारोवार नियन्त्रणलाई अझ प्रभावकारी बनाउंदै हुण्डी कारोवार नियन्त्रण, बिचौलियाहरुको नियन्त्रणलाई अभियानको रुपमा संचालन गर्न, फरार प्रतिवादी पक्राउलाई निरन्तरता र पेन्डिङ मुद्दा फर्छ्यौट, अवैध मदिरा भट्टि नष्ट, अपराध नियन्त्रणमा प्रविधिको बढी प्रयोग लगायतका निर्देशन पनि दिएका छ्न।

साथै साईबर अपराध नियन्त्रण तथा साईबर अपराध सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने तथा कार्यालय संचालन व्यवस्थापनलाई चुस्त दुरुस्त बनाई गैह्र व्यवसायिक र प्रहरी आचरण विपरितका कुनै पनि गतिविधीमा संलग्न नभई उच्च मनोवलका साथ त्रुटीरहित ढंगबाट काम गर्न प्रहरी कर्मचारीहरुलाई निर्देशन दिइएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

# महानगरद्वारा इफ्तारी आयोजना

मधेशदृष्टि
वीरगंज, २६ चैत। पवित्र पर्ब रमजानको रोजा बसेका मुस्लिम धर्मावलम्बीका लागि आइतबार वीरगंजको पुरानो बसपार्कमा संयुक्त इफ्तारी समारोह भएको छ।वीरगंज महानगरपालिकाको आयोजनामा भएको इफ्तारीमा ३२ वटै वडाका ५ हजारभन्दा बढी मुस्लिम धर्मावलम्बी सहभागी थिए। आइतबार साँझ भएको इफ्तारीमा सहभागीले विभिन्न परिकारका साथै जलपान ग्रहण गरेका थिए। वीरगंजका नगरप्रमुख राजेशमान सिंहले मुस्लिम इस्लाम धर्मावलम्बीहरुको सबैभन्दा ठूलो पर्व रमजानको अवसर पारेर इफ्तारी गरिएको भन्दै सबैलाई शुभकामना दिए। इफ्तारी कार्यक्रममा महानगरका उपमेयर इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलका साथै महानगरका विभिन्न वडाका वडाध्यक्ष, अन्य धर्मका अगुवा, महानगरपालिकाका कर्मचारी सहभागिता थियो।



# समाजलाई प्रतिकुल प्रभाव पार्ने विज्ञापन नगरौं : बोर्ड



मधेशदृष्टि
जनकपुरधाम, २६ चैत।

समाजलाई प्रतिकुल प्रभाव पार्ने विज्ञापनहरू निधेष गर्न नेपाल विज्ञापन बार्डका अध्यक्ष लक्ष्मण हुमागाईले आग्रह गरेका छन्। आइतबार जनकपुरधाममा जिल्ला प्रशासन कार्यालय धनुषाको आयोजना तथा उपभोक्ता हित संरक्षण मञ्चको सहयोग भएको कार्यक्रममा अध्यक्ष हुमागाईले यस्तो बताउँदै सञ्चारमाध्यम लगायतमा भ्रमपूर्ण विज्ञापन प्रशारण भएको पाइएमा तत्काल जानकारी दिन आग्रह समेत गरे।

अध्यक्ष हुमागाईले मदिराजन्य विज्ञापनहरू सञ्चारमाध्यममा निषेधित गरिएको कारणले स्थलगत रूपमा हुने गरेको यस्ता विज्ञापनको प्रचारमा तत्काल रोक लगाउनुपर्ने बताए। कार्यक्रममा सहभागीहरूले विभिन्न माध्यमबाट हुने गरेको मदिराको प्रचार र यसले पार्ने असरका विषयमा आ आफ्ना धारणा राखेका थिए।

सञ्चारकर्मीहरुले एकद्वार समानुपातिक प्रणालीबाट विज्ञापन नदिई राष्ट्रिय सञ्चार माध्यमको बाहानामा स्थानिय पालिकाका प्रशासकिय अधिकृतहरु काठमाडौं र मोफसलका सिमित मिडियामा विज्ञापन दिएर कमिशन खाने गरेको आरोप लगाएका थिए। प्रशासकिय अधिकृतले विज्ञापन किन नदिएको भन्दै पत्रकारहरुले थर्काउने गरेको आरोप लगाए। कार्यक्रममा प्रधामन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिव उदयराज सापकोटाले भिआईपीहरु समेत समाजिक सञ्चालहरुमा मदिराको प्रवर्द्धनका लागि विभिन्न क्रियाकलाप गर्ने गरेको भन्दै विज्ञापनका साथै समाजिक सञ्जालबाट समेत त्यस्ता रोक लगाउनुपर्ने बताए।

कार्यक्रममा जिसस धनुषाका प्रमुख राजनन्दन मण्डलले स्वास्थ्यका लागि हानिकारक मानिएको मदिरामा पुर्ण रुपमा बन्देज नै लगाउनु पर्ने मांग गरे। कार्यक्रममा मञ्चका धनुषा अध्यक्ष बटुकनाथ झा, सहायक प्रमुख जिल्ला अधिकारी, विभिन्न सरकारी कार्यालयका प्रमुख, पालिकाका प्रमुख प्रशासकिय अधिकृत सहितको उपस्थिती रहेको थियो।

# एमाले नेताको पहलमा सडक निर्माण



मधेश दृष्टि, जनकपुरधाम, २६ चैत। नेकपा एमालेका युवा नेता मनोजकुमार साहको विशेष पहलमा जनकनन्दिनी गाउँपालिका वडा नं ४ स्थित शहीद रामकिशोर साहको शालिकदेखि लक्ष्मीनारायण मन्दिरसम्मको निर्माण प्रक्रिया थालिएको छ। प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्रालयले व्यवस्था गरेको २५ लाखको बजेटमा ११५ मिटरको पक्की बाटो निर्माण शुरु भएको हो। कच्ची बाटोका कारण बरसातममा लक्ष्मीनारायण मन्दिर पुग्न सर्वसाधारणलाई निकै समस्या हुने गरेको थियो। ती समस्यालाई सामाधान गर्न नेता साहको पहलमा बजेट व्यवस्थापन गरी सडक निर्माण थालिएको जनाइएको छ।

## मधेशका तथ्यगत र तत्वगत........................

हो। राजनीतिमा खदिलोपन र दीर्घ स्थायित्व त तत्वगत सवालबाट पैदा हुन्छ। पुल, सडक, खानेपानी र बिजुली ल्याइदिने बचन दिन सजिलो छ। समयक्रममा राज्यले यो आधारभूत भौतिक संरचना क्रमशः बढाउँदै लैजान्छ। यी सबै तथ्यगत सवाल हुन्। मूल सवाल न्याय र समानतामा आधारित मधेश बन्छ कि बन्दैन भन्ने हो। त्यसका लागि मधेश केन्द्रित दलहरु कत्तिको संवेदनशील छन् भन्ने हो। अन्याय, शोषण र मधेशमै रहेको विभेद नहटने हो भने अन्यत्रबाट गरिएको विभेदलाई धारेहात लगाएर राजनीतिको श्रीवृद्धि हुँदैन।

२१ औँ शताब्दीमा संघीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक व्यवस्थाभित्र बधुवा मजदुर मुक्ति र पुनःस्थापना खोज्दै गुहार लगाएर भौतारिनु नेपालका राजनीतिक शक्तिहरुको लागि लज्जाजनक हो। नेपालको संविधान २०७२ को गालामा थप्पड हो। मधेशवादी राजनीतिको क्षयीकरण हो। संघीय सरकारमा दर्रो उपस्थिति नभए पनि मधेश प्रदेश सरकारमा जसपा र जनमत दुवैको सारगर्भित उपस्थिति छ। मधेश प्रदेश सरकारसँग पनि मधेशका मुक्त भनिएका हरवाचरवालाई पुनःस्थापना गर्न पुग्ने यथेष्ठ बजेट छ। मात्र कमी छ त राजनीतिक इच्छाशक्ति र न्यायको भावनाको।

भारतीय युगकवि रामधारी सिंह (दिनकर) को दुई पंक्ति छ। यो पंक्तिमा समाजवादी राजनीतिको सार र दीर्घायुको सूत्र छ। राजनीतिक दलको आधारस्तम्भ र नेतृत्वको सफलता छ। यी दुई पंक्तिलाई मनन गरेर हरवाचरवा पुनःस्थापनाका लागि बाराबाटै सुरुवात होस्। मधेशमा दिनकरको कवि भावना प्रफुष्टित होस्। तत्वगत राजनीतिक सवालमा राजनीतिक दल केन्द्रित होस्। 'शान्ति नहीं तबतक, जबतक सुख भाग न नर का सम हो नहीं किसी को बहुत अधिक हो नहीं किसीको कम हो।'

## होटलमा देहव्यापार................

गरेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। रौतहटका एसपी वीरबहादुर बुढामगरले घटना पुष्टि गर्दै होटलमा यौन व्यवसाय गरिरहेको आरोपमा ३ महिलासहित ५ जना पक्राउ परेको र अनुसन्धानपछि मुद्दा प्रक्रियामा जाने बताए।

पक्राउ परेका दुई पुरुषमध्ये एकजना बहालवाला प्रहरी रहेको प्रत्यक्षदर्शीको दाबी छ। एसपी बुढामगरले पक्राउ परेकासँग कुनै परिचय पत्र नभएको प्रहरी नै हो भनेर किटान गर्न नसकिने भन्दै परिचय खुलाउन चाहेनन्। दुईदिन अधिमात्र गौर-१ गुदरी बजार जाने बाटोमा सञ्चालनमा रहेको साहिबा ब्युटिपार्लर तथा कोल्डस्टोरमा दिउँसो प्रहरीले छापामारी एक यौनकर्मी महिला, राजपुर नगरपालिका-१ घर भएका पुरुष ग्राहक र ब्युटिपार्लर तथा कोल्डस्टोर सञ्चालिका महिलालाई नियन्त्रणमा लिएको थियो।

## दमकल किन्ने निर्णय ................................

योगेन्द्र मुखिया, विकास मुखिया, उपेन्द्र मुखिया, जयकरण मुखिया, इनरदेव मुखिया, मोतिलाल भगत, धनराज मुखिया लगाएतको २० भन्दा बढी घर पूर्णरुपमा जलेर नष्ट भएको स्थानीय पारस भण्डारीले जानकारी दिए।

गाउँमा लागेको आगो प्रहरी, सशस्त्र प्रहरी, सेना, स्थानीय र दमकलको मदतले २ घण्टापछि नियन्त्रणमा लिइएको स्थानीयले बताए। आगो लागेको करिब १ घण्टापछि र स्थानीयले आगो लगभग नियन्त्रणमा लिइसकेपछि दमकल पुगेको थियो। आगो निभाउन गौर र चन्द्रपुर नगरपालिकाबाट बारुणयन्त्र पुगेको थियो। आगो लागेको ठाउँबाट वारुणयन्त्र भएको ठाउँ टाढा रहेकाले ढिलो गरी पुगेको हो।

आगलागीबाट फुस, खपडा र पक्की घरहरु जलेर नष्ट भएका छन्।

यता, परोहा नगरपालिकाको तेजापाकड गाउँमा आगलागी हुँदा ४ घर जलेर नष्ट भएको छ। जिल्ला प्रहरीका प्रवक्ता एवम् डिएसपी उमाशंकर यादवका अनुसार, यो घटनामा १९ लाख ३५ हजार रुपैयाँ बराबरको क्षति भएको छ। यस्तै, इशनाश नगरपालिकामा पनि आगलागी हुँदा डेढ लाख रुपैयाँ बराबरको क्षति भएको डिएसपी यादवले बताए। आगलागीबाट भएका क्षतिको विवरण आउने क्रम जारी छ।

जिल्लामा १८ स्थानीय तहमध्ये दुई स्थानीय तहसँगै मात्रै वारुणयन्त्र छ। अरु पालिकाले अहिलेसम्म किन्न सकेको छैनन्। नजिकको स्थानीय तहमा वारुण यन्त्र भए आगलागीबाट हुने क्षति न्युनिकरणमा मदत हुन्थ्यो। स्थानीय तहले अन्य शीर्षकमा लाखौं रकम प्रत्येक वर्ष खर्च गरे पनि दमकल किन्न चासो नदिँदा सर्वसाधारणले आगलागी हुँदा क्षति बेहोर्न बाध्य छन्।

जिल्ला दैवीप्रकोप उद्धार समिति रौतहटका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रको अध्यक्षतामा बसेको बैठकले जिल्लाको सबै पालिकामा वारुणयन्त्र खरिद गर्न पहल गर्ने निर्णय गरेको थियो। तर निर्णय भएको ४८ घण्टा नबित्दै रौतहटका वस्तीमा आगोले ठूलो क्षति पुगेको छ।

## इदको चहलपहल....................

भएको मुसलमान मान्दछन्। त्यसैले आम मुसलमान एक महिनाभर सद्आचरणमा रही रोजा गर्छन्। 'सूद' (ब्याज) लिनु/खानुलाई इस्लाम परम्पराले 'हराम' (महापाप) मान्दछ। दानको प्रचार पनि इस्लाममा वर्जित छ। 'कुनै दिनदुःखी वा अन्य कसैलाई गरिने सहयोग दिने/लिनेबाहेक अरु कसैले थाहा पाउनु हुँदैन,' भङ्गाहा-४ का ८५ वर्षीय हाजी (मक्का मदिना गएर खास धार्मिक अनुष्ठान पूरा गरेका मुसलमानको उपाधि) विहारी अन्सारी भन्नुहुन्छ, 'रमजान कुरान पढ्ने, सुन्ने र जीवनमा त्यसलाई ढाल्न अभ्यास गर्ने खास अवसर हो।'

रमजानभर सद्आचरणमा रहने अरुबेला जेगरे पनि हुने भन्ने नभई बर्सेनि एक महिना आफूलाई सत्कर्म र सद्आचरणमा रहिरहन अभ्यास गराउने, सम्झाउने र सचेत गराउने अवसर रहेको पाका मुसलमान बताउँछन्। 'इद' यिनै गुणयुक्त मानव भएको खुसी व्यक्त गर्ने पर्व हो। इदमा लगाइने नयाँ लुगा प्रायःसेतो प्रयोग गरिन्छ। त्यसलाई जीवनसँग गाँसेर कहिल्यै दाग नलागोस् भन्ने हेक्का गरिन पर्ने बलवा-१० धमौराका ८० वर्षीय हासिम कवारीको भनाइ छ।



# ताइवान: चिनियाँ अभ्यासमा अमेरिकाको ‘निगरानी’



काठमाडौँ । ताइवानी राष्ट्रपति त्साइ इङ-वनले अघिल्लो साता गरेको संयुक्त राज्य अमेरिका भ्रमणपछि उत्पन्न तनावका माझ चीनले दोस्रो दिनपनि ताइवान वरपर सैनिक अभ्यास जारी राखेको छ।

बेइजिङले यो अभ्यासलाई ताइपेइविरुद्धको ‘कडा चेतावनी’का रूपमा व्याख्या गरेको छ । उसको जलसेना र हवाई सेनाले त्यस टापुलाई घेराबन्दी गर्ने पूर्व तयारीको सैन्य अभ्यास जारी राखेका हुन् । ताइवानको रक्षा मन्त्रालयले पछिल्लो २४ घण्टाभित्र ७१ वटा चिनियाँ जेट विमान र ९ वटा नौ सैनिक पानी जहाज उक्त टापु वरपर देखिएको जनाएको छ । चिनियाँ अभ्यासलाई लिएर ताइवानले आक्रोश व्यक्त गरेको छ।

### चिनियाँ सैन्य अभ्यासमा अमेरिकाको नजर

ताइवानी राष्ट्रपतिले अमेरिकामा त्यहाँकी सभामुख केभीन मकार्थीसँग भेटवार्ता गरेकी थिइन् । बेइजिङले भेटघाटलाई ‘बहाना बनाएर सैन्य अभ्यास गरेको र त्यसले त्यस क्षेत्रको शान्ति, स्थिरता र सुरक्षामा गम्भीर खलल पुऱ्याएको’ ताइवानले आरोप लगाएको छ । संयुक्त राज्य अमेरिकाले भने चीनलाई आक्रोशित नहुन र अनावश्यक उत्तेजना व्यक्त नगर्न आग्रह गरेको छ । अमेरिकी विदेश मन्त्रालयका एक जना प्रवक्ताले बेइजिङसँग आफ्नो देशको सञ्चारका च्यानलहरू खुला रहेको बताए । ती प्रवक्ताले चीनको गतिविधि नजिकबाट निगरानी गरिरहेको र त्यस क्षेत्रमा स्थिरता कायम गर्न आवश्यक स्रोतसाधन अमेरिकासँग रहेको बताए । संयुक्त राज्य अमेरिकाले सन् १९७९ मा बेइजिङको पक्षमा उभिँदै ताइपेइसँग कूटनीतिक सम्बन्ध तोडेको थियो तर कानुनी आधारमा ताइवानलाई आत्मरक्षाका लागि सहयोग गर्न अमेरिका बाध्य छ। बेइजिङले ताइवानलाई चीनको एउटा टुक्रिएको प्रान्तको रूपमा हेर्छ । र उसले घोषित रूपमा नै आवश्यक परे सैन्य बल प्रयोग गरेरै भएपनि ताइवानलाई पुन आफूमा गाभ्ने बताउने गरेको छ। ताइवानी राष्ट्रपति साई इङ-वेन अमेरिकाको भ्रमणबाट फर्केको केही घण्टापछि चीनले त्यो अभ्यास सुरु गरेको थियो। ताइवानको रक्षा मन्त्रालयले ४५ वटा चिनियाँ सैन्य विमान र ९ वटा सैन्य पानीजहाजले ताइवान स्ट्रेटको मध्यरेखा पार गरेको वा दक्षिणतर्फको हवाई प्रतिरक्षाका लागि पहिचान गरिएका क्षेत्रमा प्रवेश गरेको जनाएको छ । त्यो चिनियाँ र ताइवानी क्षेत्रलाई अनौपचारिक रूपमा विभाजन गर्ने रेखा हो।

### ठूलो सैन्य उपस्थिति

चीनका राज्य सञ्चालित सञ्चारमाध्यमले उक्त सैन्य अभ्यासले ‘एकै साथ ताइवान टापुको वरिपरि गस्ती र सैन्य अग्रतालाई व्यवस्थित गर्ने र चौतर्फी घेराबन्दी तथा प्रत्याक्रमणको सङ्केत गने’ जनाएका छन् । उनीहरूले ‘लामो दूरीको रकेट, नौसेनालाई ध्वस्त पार्ने अस्त्र, क्षेप्यास्त्र बोक्नसक्ने डुङ्गा, वायुसेना, लडाकु, बमवर्षक विमान’ लगायत चिनियाँ सेनाले तैनाथ गरेको पनि जनाएका छन् । ताइवानले आफूलाई एउटा सार्वभौम देश मान्छ र उसको आफ्नै संविधान तथा नेताहरू रहेका छन् । तर चीनले टापुलाई आफ्नै टुक्रिएर गएको भूभाग ठान्छ र त्यो अन्ततः बेइजिङ अन्तर्गत आउनुपर्ने रूपमा हेर्छ । उसले त्यसका लागि आवश्यक परे बल प्रयोग चेतावनी दिने गरेको छ । चिनियाँ राष्ट्रपति सी जिन्पिङले ताइवानसँगको ‘पुनः एकीकरण’ जसरी पनि पूरा गर्नुपर्ने बताइसकेका छन् ।

### चीनले सैन्य अभ्यास गर्नुको कारण

चीनले प्रायः ताइवानको वरिपरि यस्तो खालको सैन्य अभ्यास गर्ने गर्छ। तर यसपालि ताइवानका राष्ट्रपतिले बुधवार अमेरिकी तल्लो सदनका सभामुखसँग भेटेपछि त्यसको प्रतिक्रियास्वरुप अहिलेको सैन्य अभ्यास गरेको ठानिएको छ । ताइवानी राष्ट्रपति शनिबार उनको सरकारले अमेरिका र अन्य लोकतान्त्रिक राष्ट्रहरूसँग काम गरिरहने बताएकी छन्। उनका भनाइमा टापुले चीनबाट “निरन्तर अधिनायकवादी विस्तारवाद’को सामना गरिरहेको छ । ताइवान वरिपरि चीनको तीनदिने सैन्य अभियानलाई ‘युनाइटेड शार्प स्वड’ भनिएको छ। यो अभियान सोमबारसम्म चल्ने पिपुल्स लिबरेसन आर्मी (पिएलए)को पूर्वी थिएटर कमान्डले जनाएको छ । ताइवानको रक्षा मन्त्रालयले आफूले चीनको अभ्यासलाई ‘शान्त, तर्कसङ्गत र गम्भीर ढङ्गका साथ’ जवाफ दिने बताएको छ । त्यो द्वन्द्व पनि नबढाउने र आफ्नो राष्ट्रिय सार्वभौमसत्ता र सुरक्षाको रक्षा गर्न विवाद पनि ननिम्त्याउने आफ्नो सिद्धान्तमा आधारित भएको ताइवानको भनाइ छ। (बिबिसी)

# पाकिस्तानी प्रधानमन्त्रीका घरमा अफगानी प्रवेश





पाकिस्तान । पाकिस्तानी प्रधानमन्त्री शहबाज शरीफको सुरक्षा कमजोर रहेको खुलासा भएको छ । अफगानिस्तानका एक व्यक्ति सुरक्षामा खटिएका सैनिकलाई चकित पारेर प्रधानमन्त्रीको सरकारी निवासमा प्रवेश गरेका छन् ।

लामो समयपछि सुरक्षाकर्मीले उनलाई देखेपछि उनी समातिए । हाल आतंकवाद विरोधी विभागले संदिग्धसँग सोधपुछ गरिरहेको छ । पाकिस्तानका प्रधानमन्त्री शरीफको सुरक्षा व्यवस्था त्यतिबेला सार्वजनिक भएको थियो जब अर्को देशका एक व्यक्ति उनको सरकारी निवासमा प्रवेश गरे ।

तर, यो थाहा पाउने बित्तिकै सुरक्षा बलले उनलाई पक्रेर इस्लामावाद प्रहरीको आतंकवाद विरोधी विभाग (सिटिडी) लाई बुझायो । उनलाई अज्ञात स्थानमा लगिएको छ । ‘द न्युज इन्टरनेसनल’ पत्रिकाका अनुसार प्रधानमन्त्री निवासमा तैनाथ सुरक्षाकर्मीले शंकास्पद व्यक्ति कहाँबाट प्रवेश गरेको हो भन्ने पत्ता लगाउन सकेनन् । अधिकारीहरूले शंकास्पद व्यक्ति अफगानिस्तानको बासिन्दा भएको दाबी गरेको खुलासा गरेका छन्। हाल सिटिडी, प्रहरी र अन्य सुरक्षा निकायहरूले संदिग्ध व्यक्तिसँग सोधपुछ गरिरहेका छन् । सुरक्षा निकायले सिसिटिभी फुटेज पनि स्क्यान गरिरहेको छ । पाकिस्तानी पत्रकार गुलाम अब्बास शाहले संदिग्धको फोटो र सिसिटिभी फुटेज सेयर गरेका छन् ।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरीफले शुक्रबार राष्ट्रिय सुरक्षा परिषद् (एनएससी) को महत्वपूर्ण बैठक बोलाए, जसमा देशबाट सबै प्रकारका आतंकवादलाई निर्मूल पार्न व्यापक अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ । यसमा भनिएको छ, ‘यी फर्केका खतरनाक आतंकवादीहरू र अफगानिस्तानमा ठूलो संख्यामा उपस्थित विभिन्न आतङ्ककारी सङ्गठनहरूले दिएको समर्थनका कारण देशको शान्ति र स्थायित्व ध्वस्त भयो ।’

यस वर्षको जनवरीमा एनएससीको अन्तिम बैठक बसेको थियो, जसमा उसले देशमा आतंकवाद विरुद्ध ‘शून्य सहनशीलता’ को संकल्प दोहोर्याएको थियो । अर्कोतर्फ, प्रतिबन्धित तेहरिक-ए-तालिबान पाकिस्तान (टिटिपी) र इस्लामिक स्टेट (आइएस) का आठ आतंकवादीलाई शनिबार लाहोरमा पक्राउ गरिएको छ।

मिडिया रिपोर्टका अनुसार, पञ्जाब प्रान्तको काउन्टर-टेररिज्म डिपार्टमेन्टले पुलिससँग मिलेर लाहोर र पञ्जाब प्रान्तका अन्य तीन सहरहरूमा अपरेशन सुरु गरेको थियो, जसको क्रममा यी संदिग्ध आतंककारीहरु पक्राउ परेका थिए।

सिटिडीका प्रवक्ताका अनुसार आतङ्ककारीहरूबाट हातहतियार, विस्फोटक पदार्थ र अन्य प्रतिबन्धित सामग्री बरामद गरिएको छ।

आतंककारीहरूले सहरका महत्वपूर्ण प्रतिष्ठान र अन्य धार्मिक स्थललाई निशाना बनाउने प्रयास गरिरहेका थिए । सिटिडीले लाहोर, गुजरनवाला, डिजी खान र बहावलपुरमा गिरफ्तार गरिएका आतंककारीहरूविरुद्ध छ वटा मुद्दा दर्ता गरेको छ।

# बोका बलि दिने विषयमा जेरुसलेम तनावग्रस्त



इजरायल । जेरुसलेमको अल-अक्सा मस्जिदभित्र झडप भएपछि इजरायली प्रहरीले प्रार्थना गर्न त्यहाँ पुगेका कैयौँ प्यालेस्टिनीलाई पक्राउ गरेको छ। इस्लामवादी लडाकु समूह हमासले प्यालेस्टिनी मानिसहरूलाई मस्जिदको सुरक्षाको निम्ति आह्वान गरेको थियो । यहुदी चरमपन्थीले मस्जिद भवन स्थापित विवादित परिसरमा बोकाको बलि दिन खोजेको जानकारी सार्वजनिक भएपछि ती मानिसहरू त्यहाँ पुगेका थिए। विवादित परिसरलाई यहुदीहरूले टेम्पल माउन्ट भन्छन् । अतिवादीहरूले अहिले किन त्यस स्थानमा पशुबलि दिन खोजिरहेका छन् त ?

### बोकाको बलि किन ?

बलि प्रथाबारे यहुदीहरूको पवित्र ग्रन्थ तोराहमा उल्लेख गरिएको छ । तोराहका अनुसार पहिले यहुदीहरूलाई इजिप्टमा दासको रूपमा राखिएको थियो । त्यसैले उनीहरूलाई मुक्ति दिलाउनका लागि ईश्वरले इजिप्टको प्रत्येक परिवारमा जन्मिएको पहिलो छोरालाई मार्नका लागि अग्रसर भएको जनाइएको छ । त्यतिबेला इजरेली यहुदीहरूलाई बोका मारेर त्यसको रगतले ढोकामा कुनै चिन्ह बनाउन निर्देशन दिइएको थियो । त्यसो गर्दा मृत्यु उनीहरूको घरमा नपसी अघि बढ्ने ठानिन्थ्यो । यो ‘इजिप्टका सात विपत्तिहरू’ मध्ये अन्तिम विपत्ति थियो । र, प्राचीन इजिप्टका एक शासकको लागि अन्तिम कठिनाइ थियो जसले यहुदीहरूलाई सामूहिक रूपमा देश छोड्ने अनुमति दिएका थिए । जब इजरेलीहरू ‘वाचा गरिएको भूमि’ अर्थात् हालको इजरेल पुगे तबदेखि उनीहरूले हरेक वर्ष आफ्नो मुक्तिको सम्झना स्वरूप बोकाको बलि दिने चलन सुरु भएको ठानिन्छ । यद्यपि, निकै कम धार्मिक समूहहरूले मात्र आजसम्म यस प्रथालाई निरन्तरता दिएका छन् ।

### किन त्यही ठाउँमा ?

टेम्पल माउन्ट यहुदी धर्ममा सबैभन्दा पवित्रस्थल हो । यो बाइबलमा उल्लिखित दुई वटा धार्मिक स्थल रहेको ठाउँ हो । त्यहाँ केही यहुदी समूहहरूले तेस्रो मन्दिर बनाउन चाहेका छन्, ठ्याक्कै त्यहाँ जहाँ हाल मस्जिदको स्वर्णिम गुम्बज रहेको छ । केही धार्मिक यहुदीहरूले इजिप्टबाट यहुदीहरूको मुक्तिको उत्सव मनाइने पर्व पासओभरको बलि त्यहाँ मात्र दिन मिल्ने विषयमा जोड दिँदै आएका छन् । तर अल-अक्सा मस्जिद परिसर इस्लामको तेस्रो सबैभन्दा पवित्र स्थल हो । त्यहीँबाट पैगम्बर मोहम्मदलाई स्वर्ग लगिएको मानिन्छ । त्यहाँ यहुदीहरूलाई प्रवेश अनुमति दिइएको भए पनि गैर-मुस्लिमहरू प्रार्थना स्थलमा जान निषेधित छ । जेरुसलेमको यो भाग इजरेलीहरूले सन् १९६७ मा भएको ६ दिन लामो युद्धपछि कब्जा गरेका थिए । त्यसपछि अल-अक्सा मस्जिदको संरक्षक इजरेल र जोर्डनले यहुदीहरूलाई मस्जिद परिसरमा प्रवेश अनुमति दिने तर प्रार्थना गर्न नदिने विषयमा सहमति जनाएका थिए । धेरै प्यालेस्टिनीहरूले पवित्र स्थलमा पर्यटक र सशस्त्र इजरेली सुरक्षा बलहरूको उपस्थितिप्रति असन्तुष्टि जनाएका छन् । त्यहाँका विभिन्न समूहहरूले मस्जिदको सुरक्षा गर्ने प्रतिबद्धता जनाएका छन् ।

### अहिले के भइरहेको छ?

हरेक वर्ष, यहुदी चरमपन्थी समूहहरूले पासओभर पर्वको पूर्व सन्ध्यामा टेम्पल माउन्टमा पशु बलिदान गर्ने अनुमतिका लागि पहल गर्छन् । इजरेली अधिकारीहरूले भने विगतमा त्यस्तो हुन नदिने प्रयास स्वरूप केही निश्चित व्यक्तिहरूलाई यस पर्वको मिति अगावै पक्राउ गर्ने गरेका थिए। यस वर्ष बुधवार साँझदेखि ८ दिन लामो उक्त पर्व सुरु भयो र यो अप्रिल १३ मा सकिने छ। यो पर्व मुस्लिम समुदायको पवित्र महिना रमजानसँगै पर्ने भएकाले पनि त्यहाँको स्थिति थप तनावग्रस्त भएको हो।

यसको पछाडि कसको संलग्नता छ ?

यहुदी चरम पन्थीहरूको ‘रिटर्न टु द माउन्ट’ भनिने एक समूह एउटा घटनासँग जोडिएको छ जहाँ उनीहरूले एक मस्जिदमा बोका बलि दिन खोजेका थिए । गत वर्ष बिबिसीले यस समूहका एक नेता राफाएल मोरिससँग अन्तर्वार्ता लिएको थियो जसले मुस्लिमजस्तै पहिरन र अल-अक्सा मस्जिदमा प्रार्थना गर्ने आफ्नो प्रयासको बारेमा कुरा गरेका थिए । उनले आफूलाई धार्मिक र ‘जायोनिस्ट’ यहुदीको रूपमा व्याख्या गरे । ‘मलाई ‘टेम्पल माउन्ट’ यहुदी जनताहरूको हो भन्नेमा विश्वास छ, किनकि यसबारे हामीलाई बाइबलमा परमेश्वरले वाचा गर्नुभएको थियो,’ उनले भने । ‘हाम्रो उद्देश्य भनेको टेम्पल माउन्ट पुनः प्राप्त गर्नु हो ।’

इजरेली प्रहरीले सोमबार मोरिसलाई सार्वजनिक व्यवस्थामा खलल पुऱ्याएको आरोप लगाउँदै पक्राउ गरेको थियो । इजरेली मिडियाहरूले ‘रिटर्न टु द माउन्ट’ले मस्जिदमा सफलतापूर्वक पशु बलि दिने व्यक्तिहरू वा त्यसो गर्ने प्रयास गर्दा पक्राउ परेकाहरूलाई नगद प्रोत्साहन प्रदान गर्ने जनाएका छन्। (बिबिसी)

# २४ घण्टामा ५ हजार बढीलाई कोभिड



नयाँदिल्ली । पछिल्लो २४ घण्टामा भारतमा पाँच हजार ३ सय ५७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार सङ्क्रमण शनिबारको तुलनामा थोरै कमी आएको छ।

यद्यपि पछिल्ला केही दिनमा कोभिड सङ्क्रमण बढेको पाइएको छ। अप्रिल १ मा दैनिक २ हजार ९ सय ९४, अप्रिल २ मा ३ हजार ८ सय २४, अप्रिल ३ मा ३ हजार ६ सय ४१, अप्रिल ४ मा ३ हजार ३८, अप्रिल ५ मा ४ हजार ४ सय ३५, अप्रिल ५ हजार ३ सय ३५ जनामा नयाँ सङ्क्रमण देखिएको थियो। यसैगरी सक्रिय सङ्क्रमितको हालको संख्या ३२ हजार ८ सय १४ रहेको छ। आइतबारसम्म दैनिक सकारात्मकता दर ३.३९ प्रतिशत रहेको स्वास्थ्य मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

पछिल्लो २४ घण्टामा तीन हजार सात सय २६ निको हुँदा निको हुनेको कुल सङ्ख्या चार लाख ४१ लाख ९२ हजार आठ सय ३७ पुगेको बुलेटिनले जनाएको छ र अहिले समग्र निको हुने दर ९८ दशमलव ७४ प्रतिशत रहेको छ । राष्ट्रव्यापी खोप अभियान अन्तर्गत आइतबारसम्म २ सय २०.६६ करोड खोपको डोज दिइएको छ, जसमध्ये पछिल्लो २४ घण्टामा ६ सय ५९ डोज दिइएको छ।

# सन्दीप लामिछानेको मुद्दामा चिकित्सक बोलाइने




काठमाडौँ । क्रिकेटर सन्दीप लामिछानेमाथि लागेको नाबालिका बलात्कारको मुद्दामा काठमाडौँ जिल्ला अदालतले जाहेरीकर्ता किशोरीको तत्कालीन अवस्थामा स्वास्थ्य जाँच गर्ने विशेषज्ञ चिकित्सकलाई बकपत्रका लागि बोलाउने निर्णय गरेको छ। नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान समेत रहेका लामिछानेको मुद्दामा काठमाडौँ जिल्ला अदालतका न्यायाधीश शंकरराज बरालको इजलासले त्यस्तो निर्णय गरेको हो । जिल्ला अदालतको इजलास नम्बर २८ का इजलास अधिकृत राममणि फुयाँलले पीडितको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञ चिकित्सकको बकपत्र गर्न अदालतले आदेश दिएको जानकारी दिए।

उनले अहिले बकपत्रका लागि मिति भने तय भइनसकेको जानकारी दिए।

उनले भने, ‘निरन्तर सुनुवाइको र संवेदनशील मुद्दा भएकाले प्रतिवादी पक्ष उपस्थित भएपछि सकेसम्म चाँडो अर्को पेसीको मिति तोकिनेछ।’

बुधवार पनि मुद्दाको पेसी तोकिएको थियो । त्यस दिन पालो नआएकाले मुद्दालाई ‘हेर्न नभ्याइने’मा राखिएको थियो । त्यसअघि पुस १९ गते पनि अन्तिम सुनुवाइका लागि पेसी तोकिएको थियो।

तर लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएका न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासमा परेपछि सन्दीपको पक्षका अधिवक्ताको अनुरोधमा सुनुवाइ रोकिएको थियो।

# सरकारसँग चुरे अभियानीको पाँचबुँदे सम्झौता

*'डिभिजन वन पर्सामा भएको अनियमितता र मारुती सिमेन्टले कब्जा गरेको जग्गा छानबिन गरिने'*



मधेशदृष्टि
जनकपुरधाम, २६ चैत।
चुरे क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी प्राकृतिक स्रोतसाधन संरक्षण र मधेशलाई मरुभूमिकरण हुनबाट बचाउने सन्दर्भमा मधेश सरकार सम्वेदनशील बनेको छ।
चुरे क्षेत्रमा हुने कुनै पनि अनियमितता तथा प्राकृतिक स्रोतको अवैज्ञानिक दोहन हुन नदिने प्रतिवद्धता तथा मधेशमा मूमिहीनको समस्या निराकरणका लागि पहल गर्ने प्रतिवद्धतासहित विभिन्न पाँचबुँदे मागसहित आन्दोलित चुरे तथा वनजंगल संरक्षण अभियानसँग मधेश प्रदेश सरकारको पाँचबुँदे सम्झौता भएको छ। आइतबार मधेश सरकारका तर्फबाट उद्योग, पर्यटन तथा वन मन्त्रालयका राज्यमन्त्री रहबर अन्सारी र चुरे तथा वनजंगल संरक्षण अभियानको तर्फबाट राष्ट्रिय संयोजक सुनिल कुमार यादवले द्विपक्षीय सहमतिपत्रमा हस्ताक्षर गरेका छन्। सहमतिपत्रमा उल्लेख भएअनुसार स्थानीय सरकारले एकीकृत भूमिहीन वस्तीका लागि जग्गा उपलब्ध गराउनुका साथै सिफारिस गरे प्रदेश सरकारले वस्ती निर्माण गर्न आवश्यक बजेट विनियोजन गर्ने उल्लेख छ। निर्माणपश्चात वस्ती अन्तरगतका आवास व्यावसायिक प्रयोजनका लागि बिक्री वितरण गर्न नपाइने भनिएको छ भने चुरे वनजंगल संरक्षण सम्वर्द्धनका लागि अनियमितता तथा बेथिति रोक्न प्रदेश सरकारले आवशयक कदम चाल्ने उल्लेख छ। त्यसैगरी डिभिजन वन कार्यालय पर्साद्धारा सञ्चालित योजना तथा यसअघि सिरहा वनक्षेत्र र मारुती सिमेन्ट उद्योग हाताभित्र रहेको वन बुट्यानको जग्गाबारे अनियमीतता भएको भन्ने गुनासो छानबिन गर्न तीन सदस्यीय समिति गठन गरिने भएको छ। प्रदेशवासीलाई वैदेशिक रोजगारीमा जाँदा भोग्नुपरेको समस्या समाधान गर्न प्रदेश सरकारले हल गर्नसक्ने आफैँ गर्ने तथा संघीय सरकारले गर्नुपर्ने सम्बोधनबारे आवश्यक पहल गर्ने सम्झौता पत्रमा उल्लेख छ। सम्झौतासँगै चुरे तथा वनजंगल संरक्षण अभियानले आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लिएको अभियानका राष्टिय संयोजक यादवले जानकारी दिए। अभियानले फागुन ११ गतेदेखि २४ घण्टे धर्ना र संयोजक यादव एकदिन आमरण अनशन समेत बसेका थिए।

# घरनजिकै महायज्ञ, दलितलाई प्रवेश निषेध !



मधेशदृष्टि
वीरगंज, २६ चैत।
बाराको सुवर्ण गाउँपालिकामा सुरु भएको विष्णु महायज्ञमा दलित समुदायलाई पूजापाठ र प्रवेश गर्नसमेत रोक लगाएपछि स्थानीय दलित अगुवाले आइतबार जिल्ला प्रशासन कार्यालय कलैयामा उजुरी दिएका छन्।
सुवर्ण गाउँपालिका वडा नम्बर १ घुसुकपुरमा आइतबारदेखि शुरु भएको महायज्ञमा स्थानीय दलित समुदायका भक्तजनलाई छुवाछुत गरी प्रवेश गर्न नदिइएको भन्दै नेपाल दलित मुक्ति संगठनले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराएको हो। दलित समुदायको बसोबास रहेको स्थाननजिकै यज्ञ आयोजना हुन लागेको हो।
गाउँका माथिल्लो समुदायका भनिएका केही व्यक्तिको पहलमा घुसुकपुरमा आइतबारदेखि वैशाख ५ गतेसम्म धार्मिक यज्ञ हुन लागेको छ।
यज्ञको सबै तयारी भएपछि स्थानीय ९० घरपरिवारका दलित समुदायका श्रद्धालुलाई सहभागी हुनबाट वञ्चित गरिएको आरोप उजुरीपत्रमा उल्लेख छ।
यज्ञ आयोजकले आफ्ना बालबालिकालाई पनि यज्ञमा नपठाउन र उर्दी विपरीत पठाएको खण्डमा कुटपिट गर्ने धम्की समेत दिएको पीडित दलितहरुको गुनासो छ। यद्यपि यज्ञस्थलको मण्डप, पाण्डाल, ध्वजापूजा, सरसफफाइ र चन्दा संकलनजस्ता कार्यमा भने दलित समुदायका मानिसलाई प्रयोग गरिएको थियो।
आफूहरुलाई यज्ञमा पूजापाठ, हवनलगायत धार्मिक कार्यबाट वञ्चित गराएको भन्दै दलितहरुले आयोजकमध्येका रामदेवप्रसाद यादव, इनरदेव यादव, पप्पु यादव, रामअश्रय यादव, दिनेश उपाध्याय, चन्द्रिका उपाध्यायलगायत एक दर्जनविरुद्ध लिखित उजुरी दिएका छन्।

# हटाइयो मन्दिर छेकेर बनाइएको घर



मधेशदृष्टि
वीरगंज, २६ चैत।
वीरगंजको घडिअर्वास्थित ऐतिहासिक रामजानकी मन्दिरको प्रवेशद्वार नै थुनेर अतिक्रमण गरी बनाइएको संरचनामा आइतबार पनि डोजर लगाइएको छ।
महानगरपालिकाको वडा नम्वर १० घडिअर्वा पोखरीको मूलद्वार सामुन्ने रहेको मन्दिरमा भएको अतिक्रमण शनिबारबाट डोजर लगाएर हटाउन थालिएकामा आइतबार पूर्ण रुपमा हटाइएको हो।
मन्दिरको पुजारी बताउने शम्भुनाथ तिवारीले महानगरविरुद्ध मन्दिर अतिक्रमण तथा तोडफोड गर्न नदिन माग गर्दै उच्च अदालत अस्थायी इजलास वीरगंजमा रिट दिएका थिए। तर रिट अदालतबाट अस्वीकार भएसँगै शनिबार महानगरपालिकाले पुजारी तिवारीले मन्दिर नै बन्धक बनाउने गरी निर्माण गरेको पक्की संरचनामा डोजर लगाएर भत्काएको हो।
फागुन ४ गते पुजारी तिवारीकै पक्षमा जारी भएको अन्तरिम आदेश खारेजीको माग गर्दै महानगरपालिका अदालत गएकामा शुक्रबार न्यायाधीशद्वय सारङ्गा सुवेदी र शान्ता सेढाईं सापकोटाको संयुक्त इजलासले महानगरकै पक्षमा आदेश दिएसँगै मन्दिरलाई बन्धक बनाएर गरिएको अतिक्रमण हटाइएको हो। १९८२ सालदेखि नै रामजानकी मन्दिरका नाममा रहेको जग्गामा पुजारी तिवारीले विगत ३० वर्षदेखि मन्दिर नै बन्धक हुने गरी अतिक्रमण गरेर तीनैतर्फ पक्की संरचना बनाएर सटर भाडामा लगाएका थिए। मन्दिरमा भएको अतिक्रमण हटाउन शनिबार महानगरका मेयर राजेशमान सिंह आफैँ डोजर लिएर पुगेका थिए। मन्दिरको उत्तर तर्फको संरचना हटाइएकामा आइतबार पूर्वतर्फको संरचना पनि हटाइएको महानगरपालिकाका प्रशासन प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए।

# हुलाकी सडक बनाउन माग गर्दै चक्काजाम

मधेशदृष्टि
बारा, २६ चैत।
बाराको कलैयामा अलपत्र सहायक हुलाकी सडक कालोपत्रेको काम सुरु गर्न माग गर्दै स्थानीयले चक्काजाम गरेका छन्। २४सै घण्टा सडकमा उडेको धूलोले आजित स्थानीयले आइतबार बिहान सडकमै टेन्ट राखेर, आगो बालेर, ढाट लगाएर आवतजावत रोके।
उनीहरुले सडकमै धर्ना बसेर आवतजावत अवरुद्ध गर्दै समस्या समाधान गर्न कलैया उपमहानगरपालिका मेयर, बाराका प्रमुख जिल्ला अधिकारी, हुलाकी सडक योजना कार्यालय वीरगंजका प्रमुखसमेतलाई बोलाए। धर्नास्थलमै पुगेर नगरप्रमुख, प्रमुख जिल्ला अधिकारी र आयोजना प्रमुखले प्रतिबद्धता जनाए मात्रै आन्दोलन टुङ्गिने स्थानस्य जोगिन्द्र कुशवाहाले बताए। सडक खुलाउन आएको प्रहरी टोलीसँग आन्दोलनकारीको केहीबेर विवाद भएको थियो।
आन्दोलनमा उत्रिएका स्थानीयको माग जायज भएको बताउदै कलैया उपमहानगरपालिकाका प्रमुख विनोद साहले राज्यसंयन्त्रको कमजोरीका कारण ठेकेदारको लापरवाही बढ्दा हुलाकी सडकको बाँकी काम अगाडि बढन नसकेको बताए। तीब्र गतिमा गुड्ने टिपर, बस, मालबाहक ट्रक, स्कार्पियोलगायतका सवार ीसाधनले उडाएको धूलोले व्यवसाय चलाउन मुस्किल परेको कलैयाका व्यवसायीको गुनासो छ। आइतबार दिउँसो आन्दोलनस्थल पुगेका कलैया उपमहानगरपालिकाका नगर प्रमुख साहले सडक बनाउने काम आफ्नो क्षमता भन्दा बाहिरको कुरा भएको बताउदै समस्या समाधानका लागि पहल गरिरहेको जानकारी दिए। करिब २२ करोड रुपैयाँको ठेक्का भइसकेको सडक ठेकेदार कम्पनीले समयमा निर्माण नगर्दा समस्या भएको हो।

# नागरिकता विधेयक प्रमाणीकरण गर्न नेता खाँडको आग्रह




मधेशदृष्टि
जनकपुरधाम, २६ चैत।
पूर्व गृहमन्त्री एवं नेपाली कांग्रेसका नेता बालकृष्ण खाँडले दुईटै सदनबाट पारित भएका नागरिकता विधेयक २०७९ प्रमाणीकरण गर्न आग्रह गरेका छन्।
नेपाल प्रेस युनियन धनुषाद्वारा आइतवार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेता खाँणले दूइटै सदनबाट पारित भई तात्कालिन राष्ट्रपतिद्वारा प्रमाणीकरण नभई राष्ट्रपति कार्यालयमा थन्किएका ती नागरिकता विधेयकलाई राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण गराउन सरकार र गठबन्धन आबद्ध राजनीतिक दलहरुँग आग्रह गरे।
उनले भने संविधानले प्रत्येक नेपालीलाई नेपालको नागरिकता प्राप्त गर्न पाउन अधिकार दिएकाले सो अधिकारबाट बञ्चित गर्ने अधिकार कसैसंग छैन। तर आफ्नै देशमा बेनागरिकका जीवन विताई रहेका लाखौ नागरिकता विहिनका सन्तानले राज्यको सुविधाबाट वञ्चित हुनु यो ठूलो राष्ट्रीय समस्या हो। ती समस्या समाधानका लागि राष्ट्रपति कार्यालयमा थन्किएका विधेयक तत्काल राष्ट्रपतिबाट प्रमाणीकरण गराउन सरकार र गठबन्धन दलहरुले अग्रस्ता लिन जरुरी छ।
नेता खाँणले भने ती विधेयक जस्ताको त्यस्तै प्रमाणीकरण भएको खण्डमा नागरिकता विहिन नागरिकले चाँडै नागरिकता पाउने छ। यदि नयाँ विधेयक ल्याएर अघि बढे भने फेरी जालझेलमा फंसेर अड्किनेछ।
नेता खाँणले नागरिकता विधेयक सँगसँगै विभिन्न अधिकारवादी आन्दोलनको क्रममा राजनीतिक मुद्दा लागेर बन्दी जीवन बिताई रहेका नेता कार्यकर्ताहरुको रिहाईका लागि ल्याइएको पछिल्लो सरकार लिखित सम्झौता पश्चात ल्याइएको अध्यादेश समेत विधेयकको रुपमा ल्याएर कानून बनाउन आग्रह समेत सरकारसँग गरे।
एक अर्को प्रसंग नेता खाँणले भने गठबन्धन आबद्ध दलहरुबीच भएको सैद्धान्तिक सहमति अनुसार देशका विभिन्न तीन क्षेत्रमा भइरहेको उपनिर्वाचन पश्चात सबै दलले सरकारको नेतृत्व पाउने गरी पुनर्गठन गरिनेछ।
नेपाल प्रेस युनियन धनुषाका अध्यक्ष राजन सिंहको अध्यक्षतामा भएको सो पत्रकार सम्मेलनमा नेपाली कांग्रेसका सह सचिव महेन्द्र यादव, प्रदेश संसदीय दलका नेता एवं प्रदेश अध्यक्ष कृष्णा यादव, प्रदेश सभा सदस्यहरु शेषनारायण यादव र कुमरकान्त झा सहित केन्द्रिय तथा जिल्लास्तरीय नेताहरुको उपस्थिति रहेको थियो।

# ज्वाइँको कुटाइबाट ससुराको मृत्यु

मधेशदृष्टि
सप्तरी, २६ चैत।
बोदेबर्साइन नगरपालिका-६ खामगडामा ज्वाइँको कुटपिटबाट घाइते ससुराको उपचारक्रममा मृत्यु भएको छ।
बोदेबर्साइन नगरपालिका-७ का ज्वाइँ २३ वर्षीय रामचन्द्र महतोले कुटपिट गर्दा ५५ वर्षीय छठु महतोको मृत्यु भएको हो। प्रहरी प्रवक्ता डिएसपी नरेशकुमार सिंहका अनुसार, पुस ११ गते घरायसी विवादमा ससुरा छठु गम्भीर घाइते भएका थिए। ज्वाइँको कुटपिटबाट नाक, मुख, टाउकोसहित शरीरको विभिन्न भागमा चोट लागेर घाइते भएका उनलाई स्थानीय जीवनज्योति अस्पतालमा समान्य उपचार पश्चात थप उपचारको लागि धरान लगिएको थियो। स्वास्थ्यमा सुधार हुँदा गत चैत १८ गते घर फर्केर औषधि खाइरहेका उनको मृत्यु भएको डिएसपी सिंहले जानकारी दिए। कुटपिटमा संलग्न ज्वाइँमाथि सासु मायाबती नौनियाले ज्यान मार्ने उद्योगमा किटानी जाहेरी दिएकी छन्। महतो पुर्पक्षमा छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल